महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
काठेखोला गाँउपालिका,
बागलुङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७।०७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ८८

मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
काठेखोला गाँउपालिका,
गाँउ कार्यपालिकाको कार्यालय,
बागलुङ ।

कैफियत सहितको राय

हामीले काठेखोला गाँउपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाँउपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू ४ करोड १६ लाख ४९ हजार बेरुजू देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु.८७ हजार फर्छ्यौट भई असुल गर्नुपर्ने रू.१९ लाख ५७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ६९ लाख ४ हजार, नियमित गर्नुपर्ने रू.१ करोड २७ लाख १ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.४ करोड ५५ लाख ८९ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.६ करोड १२ लाख ७५ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

काठेखोला गाँउपालिका

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
३३	४२	४१६४९	०	१	८७	३३	४१	४१५६२	१९५७	१२७०१	२६९०४	०	०	३९६०५	०

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौंट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बागलुङ	४५५८९	०	२५८७६	१९७१३	०	४१५६२	६१२७५

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : काठेखोला गाउँपालिका, बागलुङ , काँठेखोला गाउँपालिका , बागलुङ

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	Churna Bahadur Karki	२०७७-५-१५	हाल सम्म कार्यरत
लेखा प्रमुख	Madhab Sharma	२०७७-४-१	
		बेरुजु रकम	४१,६४९,००६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१,७२,६२,७५८	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४३,२०,२३,३३५	**चालु खर्च**	३२,८५,८४,२९७
प्रदेश सरकारबाट अनुदान	२,५४,७२,०००	**पूँजीगत खर्च**	१४,५७,००,८५८
राजश्व बाँडफाँट	६,७४,४४,९६४	**वित्तीय/अन्य व्यवस्था**	१०,५९,२५,९०४
आन्तरिक आय	३५,७९,५०१		
अन्य आय	१०,८२,१०,२३५		
कुल आय	६३,६७,३०,०३५	**कुल खर्च**	५८,०२,११,०५९
बाँकी मौज्दात		४,५०,८८,५२४	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना, २०७८ बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनकोमस्यौदा उपर व्यवस्थापनसंगको वहिर्गमन वैठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ।	
२			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस काठेखोला गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, ८२.८८वर्ग किलोमिटर क्षेत्रफल तथा 2६ हजार जनसंख्या रहेको छ ।	
३			**लेखापरीक्षणको क्रममा असुली** लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा रकम रु ३९९९६७ र पारिश्रमिक कर रु ४००० गरी रु.४०३९६७ रकम बैंक दाखिला भएको छ।	
४			**संचितकोष प्राप्ति र भुक्तानी** काठेखोला गाउँपालिकाको आव २०७७।७८ को २७२ अनुसार वित्तीय विवरण देहायअनुसार रहेको छ।	

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		५६,३०,९४,१४१	५४,५८,२४,४३४.६३		५४,५८,२४,४३४.६३	४९,४०,४९,१६७.७४		४९,४०,४९,१६७.७४
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		५४,१२,५६,१६०	५२,६०,५६,७९१.६३	०	५२,६०,५६,७९१.६३	४४,६४,८३,५७७.७४	०	४४,६४,८३,५७७.७४
११००० कर	११	७,५४,४५,३००	६,८६,७७,२३१.९१	०	६,८६,७७,२३१.९१	५,३७,४९,१३९.७४	०	५,३७,४९,१३९.७४
१३००० अनुदान		४६,३२,१८,१६०	४५,५०,३२,३२५.६६	०	४५,५०,३२,३२५.६६	३६,०३,६९,१००	०	३६,०३,६९,१००
संघीय सरकार	१२	४३,७७,०९,१६०	४३,२०,२३,३२५.६६	०	४३,२०,२३,३२५.६६	३४,३३,२५,०००	०	३४,३३,२५,०००
प्रदेश सरकार	१२	२,५५,०९,०००	२,३०,०९,०००	०	२,३०,०९,०००	१,७०,४४,१००	०	१,७०,४४,१००
१४००० अन्य राजस्व		२५,९२,७००	२३,४७,२३४.०६	०	२३,४७,२३४.०६	२३,९०,५५४	०	२३,९०,५५४
१५००० विविध प्राप्ति		०	०	०	०	२,९९,७४,७८४	०	२,९९,७४,७८४
ख. अन्य प्राप्ति		२,१८,३७,९८१	१,९७,६७,६४३		१,९७,६७,६४३	४,७५,६५,५९०		४,७५,६५,५९०
वितरण गर्न		०	०	०	०	०	०	०

https://nams.oag.gov.np

बाकी राजस्व								
कोषहरु		२,१८,३७,९८१	१,६९,३४,१६७	०	१,६९,३४,१६७	६८,४०,०९७	०	६८,४०,०९७
धरौटी		०	२८,३३,४७६	०	२८,३३,४७६	७,२५,४९३	०	७,२५,४९३
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	४,००,००,०००	०	४,००,००,०००
भुक्तानी (ग+घ)		५८,३१,८८,१९९	४७,५५,९९,३९९		४७,५५,९९,३९९	४६,७१,७३,६५२		४६,७१,७३,६५२
ग. भुक्तानी (सञ्चित कोषबाट)		५६,१३,५०,२१८	४६,९७,५२,४८४		४६,९७,५२,४८४	४२,२७,३६,१५८		४२,२७,३६,१५८
२१००० पारिश्रमिक / सुविधा	१८	१९,४२,७८,०००	१८,४२,६४,६४३	०	१८,४२,६४,६४३	१८,६६,२६,४६०	०	१८,६६,२६,४६०
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१३,४६,१९,१६०	१०,६४,०७,५८१	०	१०,६४,०७,५८१	५,३५,०५,०३४	०	५,३५,०५,०३४
२५००० सहायता (Subsidy)	१८	३,३७,६३,०००	३,२२,९४,०६२	०	३,२२,९४,०६२	४,१३,०७,१३१	०	४,१३,०७,१३१
२६००० अनुदान	१८	०	०	०	०	७,००,०००	०	७,००,०००

२७००० सामाजिक सुरक्षा	१८	१६,४९,०००	११,४४,६००	०	११,४४,६००	१७,१६,५५४	०	१७,१६,५५४
२८००० अन्य खर्च	१८	४८,९४,०५८	४४,७३,४११	०	४४,७३,४११	२०,००,०००	०	२०,००,०००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१९,२१,४७,०००	१४,११,६८,१८७	०	१४,११,६८,१८७	१३,६८,८०,९७९	०	१३,६८,८०,९७९
घ. अन्य भूक्तानी		२,१८,३७,९८१	५८,४६,९१५		५८,४६,९१५	४६,७१,७३,६५२		४६,७१,७३,६५२
कोषहरु		२,१८,३७,९८१	५७,०२,४८५	०	५७,०२,४८५	४०,८०,३९२	०	४०,८०,३९२
धरौटी		०	१,५०,०००	०	१,५०,०००	३,५७,१०२	०	३,५७,१०२
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	४,००,००,०००	०	४,००,००,०००
कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी			-५,५७०		-५,५७०			
ङ. यो वर्षको बचत (न्युन)		(२,००,९४,०५८)	७,०२,२५,०३५.६३		७,०२,२५,०३५.६३	२,६८,७५,५१५.७४		२,६८,७५,५१५.७४
च. गतवर्षको जिम्मेवारी			३,३८,५६,८१६		३,३८,५६,८१६	५,८०,२३९		५,८०,२३९

रकम (अ.ल्या)								
वर्षान्तको बाकी रकम (ङ + च)		(२,००,९४,०५८)	१०,४०,८१,८५१.६३		१०,४०,८१,८५१.६३	२,७४,५५,७५४.७४		२,७४,५५,७५४.७४
बैंक तथा नगद बाकी	२४		१०,३६,०७,३८९.६३		१०,३६,०७,३८९.६३	५,४१,३९,५३७.२६		५,४१,३९,५३७.२६

५	१४	२०७७-६-२७	**प्रोत्साहन भत्तामा कर कट्टी नगरेकोः** आयकर ऐन, २०५८ अनुसार नियमित रुपमा नभई पटके रुपमा प्राप्त गर्ने बैठक भत्ता, जोखिम भत्ता लगायतका अन्य भत्तामा १५ प्रतिशत कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले भौ।नं।१४ मिति २०७७।६।२७ मा कर्मचारीहरुलाई रु ५४००० प्रोत्साहन भत्ता उपलब्ध गराउँदा कर कट्टी नगरी भुक्तानी गरेकाले छुट १५ प्रतिशत कर सम्बन्धितबाट असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु	८,१००
६			**भुक्तानी दिन बाँकीको कच्चावारी पेश नभएकोः** **आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम ७ अनुसार चालु बजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु हुँदैन ।**तर विशेष कारण एवं परिस्थितिबस उपनियम ८ मा उल्लिखित खर्च शिर्षकहरुमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा बिल भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनु पर्ने कारण खोली महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई श्रावण १५ गते भित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नु पर्ने व्यवस्था उल्लेख छ ।तर पालिकाले निम्नलिखित विभिन्न भौचरबाट भुक्तानि दिन बाँकीको विवरण नराखी आ।ब। २०७६/२०७७ को विभिन्न शीर्षकमा भएको खर्च भुक्तानी गरेको छ । यसरी भुक्तानी दिन बाँकीको कच्चावारी पेश नभएकाले उक्त भुक्तानी नियमसंगत नदेखिएको रु	१,२७४,०१५

भौ।नं । मिति	अघिल्लो आ।ब को खर्च मिति	खर्च शीर्षक	भुक्तानी पाउने	भुक्तानी रकम
२।२०७७।४।१४	२०७७।२।२२ देखि २०७७।०३।७ सम्म	खाना खर्च	श्री लाल बहादुर कार्की	४४८००
३।२०७७।४।१५	२०७७।२।२७	फर्निचर सामान खरिद	श्री ग्यालेक्सी फर्निचर तथा फर्निसिङ सेन्टर	४९५५०
४।२०७७।४।१६		विविध	विभिन्न फर्महरु	६८५२५७
५।२०७७।४।२२		खाना खर्च	विभिन्न फर्महरु	३१९३५५
६।२०७७।४।२६		गाडी मर्मत खर्च	न्यु धौलागिरी वर्कसप	५५९८०
७।२०७७।५।२		क्वारेन्टाइन संचालन खर्च	विभिन्न फर्महरु	११९०७३
जम्मा				१२७४०१५

७

कोरोना रोकथाम तथा नियन्त्रण आम्दानी।खर्चः

आ=व २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण तथा नमुना छनौटको आधारमा श्रेस्ता परीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार रहेको छ।

आम्दानी स्रोत	रकम	खर्च शिर्षक	रकम
अ।ल्या।	२७५९७०५	औषधि स्वास्थ्य उपकरण तथा सामग्री खरिद	३०६५८७
प्रदेश कोभिड कोषबाट	५०००००	जनशक्ति परिचालन	४७३०६५
अन्य स्रोतबाट प्राप्त विभिन्न संघ संस्थाहरुबाट प्राप्त भएको	५०००००	क्वारेन्टिन होल्डिङ सेन्टर निर्माण तथा व्यवस्थापन	१९९६७४३
		अन्य शीर्षकमा भएको खर्चगाडी भाडा खर्च	५५९८०
		बाँकी	९२७३३०
जम्मा	३७५९७०५	जम्मा	३७५९७०५

८

वित्तीय विवरण

			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् · पालिकाले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । •सुत्रले तयार गरेको म.ले.प.फा.२७२ को संचितकोषको प्राप्ती तर्फ रु.५६३०९४१४१देखिएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित आर्थिक विवरण अनुसार संघ तथा प्रदेश अनुदान रु.४५५०३२३२५, बाँडफाँडबाट प्राप्त रकम रु ६७४४४९६४ र आन्तरिक आम्दानी रु.३५७९५०१ समेत रु.५२६०५६७९० हुने देखिन्छ । सोही अनुसार हिसाब समायोजन गरेको छ । · पालिकाको म.ले.प.फा.२७२ को संचितकोषको भुक्तानीतर्फ रु.४९४०४९१६७।७४ मात्र देखिएकोमा उक्त रकममा सुत्रभन्दा बाहिरबाट भएको कारोबारहरु कारोबार नभएकाले सोही अनुसार खर्च भएको देखिन्छ । · गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार संचितकोषको मौज्दात रु.१६५९४०५८ अल्या गर्नुपर्नेमा रु.१६५९४०५८नै अ ल्या गरेकोले गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार नै समायोजन गरी हिसाब प्रस्तुत गरेको छ । · पालिकाको म.ले.प.फा.२७२ को अनूसूची २४ मा बैक बाँकी रु.१०३६०७३८९ देखाएकोमा सुत्रमा समावेश नभएका कारोबारहरु समावेश गर्दा उक्त मौज्दात रु. १०३६०७३८९ हुने देखिन्छ । तर पालिकाको अनुसार गत आव को बैंक मौज्दात समेत बाँकी देखाएकाले फरक सो रकम कायम भएको भनाई रहेको छ । · पालिकाले पेश गरेको आर्थिक विवरण तथा बैंक स्टेटमेन्ट अनुसार पालिकाको यथार्थ बाँकी मौज्दात रु.४०२६३०१८ संचितकोष तर्फ र धरौटी तर्फ रु३३५२१७६ मौज्दात रहेको छ । रहेको छ । म.ले.प.फा.२७२ को हिसाब समायोजन पश्चातको बाँकी रु. १०३६०७३८९ देखिएकोमा रु.५९९९२१९५ ले फरक देखिएको छ ।. · स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचाको पुर्ण प्रयोग गरी प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
९			**खर्च विश्लेषण** पालिकाले यस वर्ष कूल आन्तरिक आयबाट रु.३५७९५०१ राजस्व बाँडफाँड रु.६७४४४९६४ र अनुदानबाट रु.४५५०३२३२५ समेत रु.५२६०५६७९०आम्दानी भएकोमा चालुतर्फ रु.३२८५८४२९७र पूँजीगततर्फ रु.१४११६८१८७ समेत रु.४६९७५२४८४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०।७६ प्रतिशत रहेको छ ।यस वर्ष पदाधिकारी सुविधामारु.१३४८२७६६खर्च भएको छ जुन आन्तरिक आयको३७६।६७ प्रतिशत रहेको छ ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२।४६ प्रतिशत चालु र २६।८३ प्रतिशत मात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ	
१०			**चौमासिक खर्च** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असरपर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

सि.नं.	पूँजीगत खर्च शीर्षक	कूल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
	विभिन्न	१४११६८	८७९२	५६२८३	७६०९	५११०८
	खर्च प्रतिशत	१००	**६.२२**	**३९.८६**	**५३.९०**	**३६.२०**

११

आन्तरिक नियन्त्रण

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन।यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन।

·पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

·कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरे कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन।

·राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वियनमा आउन सकेको छैन।

·अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।

·स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

·स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

·दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।

·पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।

·वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।

·पालिकाले मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको देखियो।

·जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

			·मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा ई-टीडिएस गरेको छैन। ·कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । ·सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिकसंरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको, ·स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको, ·सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्तालिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्तदिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको ·सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको, ·सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको। ·सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको। ·सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको। ·विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको, ·वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको, ·सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको, •सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले लेखापरीक्षणको क्रममा उक्त विवरण उपलब्ध नगराएकोले एकिन गर्न सकिएन।	

१२			**कानून निर्माण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, ३वटा नियमावली, २३ कार्यविधि लगायत ३४ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ३४ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरे तापनि उक्त कानूनहरु कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
१३			**गाउँसभामा उपस्थिति वेगर सुविधा रकम भुक्तानी** नेपालको संविधानको धारा २२७ मा गाउँ सभा र नगर सभाका सदस्यको पद रिक्त हुने अवस्था प्रदेश कानून वमोजिम हुने व्यवस्था भएअनुसार गण्डकी प्रदेशले स्थानीय तहको सभा सन्चालन (कार्यविधि) ऐन, २०७५ तयार गरेको र यस ऐनको दफा ४४ (घ) मा सभाको सदस्य सम्बन्धित गाउँसभालाई सूचना नदिई लगातार ३ वटा बैठकमा अनुपस्थित भएमा निजको पद रिक्त हुने व्यवस्था गरेको छ ।यस गाउँपालिकाको गाउँसभाको माइन्युट परीक्षण गर्दा पहिलो गाउँसभा स्थानीय तहको निर्वाचन पश्चात मिति २०७४।३।२८ मा बसेको देखिन्छ । पहिलो सभामा उपस्थित भए पश्चात सभाका सदस्य श्री चिरन थापा कुनै पनि गाउँसभाको बैठकमा उपस्थित भई सभाको माइन्युटमा हस्ताक्षर गरेको देखिएन । त्यसैगरी दोस्रो गाउँ सभा मिति २०७४।११।२७ मा भएको देखिन्छ । दोस्रो गाउँसभामा उपस्थित भए पश्चात अर्का सभा सदस्य श्री जय बहादुर थापाले पनि सभामा उपस्थित भई गाउँसभाको मान्युटमा हस्ताक्षर गरेको देखिएन । लेखापरीक्षणको क्रममा देखिएको अन्तिम सभा माइन्युट मिति २०७८।९।१६ मा दशौं गाउँसभाको बैठक बसेको देखिन्छ तर माथी उल्लेखित दुवै सदस्यहरु विचका कुनै पनि गाउँसभामा उपस्थित भएको देखिदैन तर पालिकाले प्रदान गर्ने सेवा सुविधा बापतको रकम नयाँ प्रदेश ऐन बन्नु अघि मासिक रु.६००० का दरले र त्यसपछि मासिक रु.१२००० र चाडपर्व खर्च रु.१५००० निजहरुलाई निरन्तर रुपमा बैंक खातामा पठाएको देखिन्छ । गण्डकी प्रदेशको सेवा सुविधा प्रदान गर्न बनेको ऐन ×गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६" यसरी अनुपस्थित पदाधिकारीहरुलाई सेवा सुविधा दिने वा नदिने सम्बन्धमा कुनै व्यवस्था गरेको देखिदैन। त्यसैगरी गाउँसभामा निजहरुले जानकारी दिए वा नदिएर अनुपस्थित भएको बारे कुनै जानकारी भएन र सो सम्बन्धमा गाउँसभाले पद रिक्त भएको वा पुनः पदपुर्तिका लागि कुनै प्रक्रिया अगाडी बढाएको देखिएन । मुख्यतया निर्वाचित पदाधिकारीको गाउँसभामा उपस्थित भई गाउँपालिका भित्रका नीति निर्माण तथा बजेट निर्माणमा सहभागी हुनुपर्नेमा लामो समय सहभागी नभएकाले सुविधा वितरण गर्नु उचित देखिएन ।यस सम्बन्धमा पालिकाले ध्यान पुर्याउनुपर्छ ।	
१४			**आर्थिक सहायता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष विरामी तथा सुत्केरी सहायतामा ५ लाख बजेट छुट्याएकोमा रु.२९१००० खर्च भएको छ । आर्थिक सहायता वितरण गरेका छ। ।केही गोश्वारा भौचरको नमूना छनौट गर्दा कार्यालयले विभिन्न व्यक्ति तथा संस्थालाई आर्थिक सहायता वितरण गरेको छ । कार्यालयले आर्थिक सहायता वितरणको मापदण्ड र कार्यविधि तर्जूमा नगरी वितरण कार्य गरेकोले यस्ता प्रकारका खर्चहरु नियन्त्रण हुनुपर्दछ ।केही उदाहरणहरु:	

भौ.न. मिति	सहायता प्राप्त गर्ने व्यक्ति संस्था	सहायता रकम
१७।०७७।६।१४	टेक बहादुर खाती	५००००
१४९।०७७।९।२३	अखिल नेपाल महिला संघ	२५०००
३९८।०७८।३।२७	लेखन नेपाल मिडिया प्रा लि	५००००

१५			**अनुगमन र भ्रमण खर्च** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ।नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ।कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु.२० लाख खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन।जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन।यसमा सुधार गर्नुपर्ने देखिन्छ।	
१६			**न्यायिक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार अघिल्लो वर्षको १ अल्या भएको र यो बर्ष थप भएको ३ विवाद दर्ता भएकोमा १ वटा फछ्र्यौट भई ३ विवाद बाँकी भएको देखिन्छ ।आगामी दिनमा समेत न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१७			**यातायात सुविधा** गण्डकी प्रदेश सरकारले जारी गरेको गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा ४ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यको यातायात खर्च सम्बन्धी व्यवस्था गरिएको छ । पालिकामा २ वटा गाडी प्रयोगमा रहेको तर सो गाडी जिम्मेवार पदाधिकारी कसैले पनि नबुझि चालकले बुझेको पाईयो । पदाधिकारीले गाडी नबुझेको कारण मासिक यातायात सुविधा रु.१२००० का दरले कुल रु.१४४००० स्थानीय सरकारलाई व्ययभार परेको देखिन्छ । स्थानीय सरकारको व्ययभार कम गर्न उक्त गाडी यथाशिघ्र जिम्मेवार पदाधिकारीले बुझेको प्रमाण पेश गर्नुपर्दछ ।	
१८			**पदाधिकारी सुविधा** गण्डकी प्रदेश सरकारले जारी गरेको गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा १६ मा यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ । गाउँपालिकाका पदाधिकारीले अनुसूची क बमोजिमको सुविधा मात्र लिन पाउने व्यवस्था भएकोमा पालिकाको पदाधिकारीले देहायको भौचरबाट ऐनमा व्यवस्था नभएको पोषाक तथा छाता झोलाको सुविधा लिएको देखिएकाले सम्बन्धित पदाधिकारीबाट असुल गरी बैंक दाखिला गर्नुपर्ने रु.	६४३,३८३

भौचर नं	सुविधा लिएको	खरिद गरिएको सप्लायर्स	कर बाहेक भुक्तानी रकम
३८४।०७८।३।२२	पोषाक सुविधा	बबिन बस्त्रालय	३४५१०३
	पोषाक सुविधा	मेरो टेलरिङ्ग सेन्टर	१२०७८५
३८५।०७८।३।२२	छाता झोला	जनसेवा छापाखाना	१७७४९५
	जम्मा		६४३३८३

१९

पदाधिकारी पारिश्रमिक कर

२६,८८०

आयकर ऐन २०५८ को दफा ८ को उपदफा २ कअनुसार ज्याला,तलब,अतिरिक्त समय काम गरेबापतको रकम तथा अन्य सुविधा बापतको भुक्तानी आदिलाई रोजगारीबाट भएको आय गणनामा समावेश गरिने व्यवस्था रहेको छ ।त्यस्तै गरि उक्त ऐनको दफा ३ क मा कुनै आय वर्षमा करयोग्य आय भएको व्यक्तिलाई यस ऐन बमोजिम कर लगाइने व्यवस्था रहेको छ । प्राकृतिक व्यक्तिका लागि आर्थिक वर्ष २०७७।७८ को आयकर दर अनुसार कर लाग्ने प्रावधान रहेको छ । कार्यालयले निम्नानुसारका कर्मचारी तथा पदाधिकारीहरुको बार्षिक आय गणना गरी कर कट्टी गरेको नदेखिएकोले निम्नानुसारको कर असूल हुनुपर्ने देखिएको रु.

क्र सं	नाम	कुल कर योग्य वार्षिक आय	कट्टी गर्नुपर्ने रकम	कट्टी गरेको रकम	नपुग कर कट्टी रकम
१	अमर बहादुर थापा	६०१०००	२४७००	६०१०	१८६९०
२	अर्जुन बहादुर खत्री	५४१०००	१३६००	५४१०	८१९०
	जम्मा				२६८८०

२०

अनुत्पादक खर्च

सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.२५००००खर्च गरेको देखिन्छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

सि.नं.	**भुक्तानी पाउने संस्थाको नाम**	**प्रयोजन**	**रकम**
१	हरेक वाडका कोट पुजा व्यवस्थापन समित	कोट पुजा गर्न ४ वटा वडालाई प्रति वडा रु.६२५०० का दरले दिएको	२५००००
	जम्मा		२५००००

२१

अनुदान फिर्ता

अनुदान फिर्ता – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण बाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रु.२८६३०२००.६६ मध्ये रु. १८९८०६५८ असार मसान्तमा फिर्ता भएको छ भने बाँकी ९६४९५४२।६६ मिति २०७८।४।१३ मा फिर्ता गरेको भौचर प्राप्त भएकाले सम्बन्धित बैंक खातामा अनुदान निकासा फिर्ता गरेकोले थप निकासा अनुदान रकम फिर्ता गर्नुपर्ने देखिएको छैन ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	३०२८७६९७५.६६	२७४२४६७७५	२८६३०२००.६६
	विषेश	११९४६३५०	११९४६३५०	०
	समपुरक	१६३०००००	१६३०००००	०
	अन्य	०	०	०
प्रदेश सरकार	शसर्त	३२४७०००	३२४७०००	०
	विषेश	५००००००	५००००००	०
	समपुरक	२५०००००	२५०००००	०
	अन्य	०	०	०
	जम्मा	**३४१८७०३२५.६६**	**३१३२४०१२५**	२८६३०२००.६६

२२

बजेट पेश, पारित र अख्तियारी

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री अर्जुन बहादुर खत्री मिति २०७७.३।१० गते रु.५३ करोड ३१ लाख १४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।२६मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

२३

सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा नगरपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ।पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष नागरिकता सिफारिस 988, घरबाटो सिफारिस १४०,घर जग्गा सिफारिस १३१, विवाह ११४७, सम्बन्ध विच्छेद ३२, जन्म तथा मृत्यु दर्ता ४६९८, वसाईसराई **२७९** र अन्य ४१४७ दर्ता गरेको पाइयो। पालिकाले अन्यमा ४१४७ संख्या दर्ता भएको भनिएकोमा कुन कुन हो भनी एकिन गरी नपठाएकोले पंञ्जीकरणबाट यथार्थ विवरण प्राप्त नभएकोले पालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा व्यवस्थित अभिलेख राखेको पाइएन।पालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

२४

क्षेत्रगत बजेट खर्च

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	**वार्षिक वजेट**	**खर्च रकम**	**कुल खर्च मध्ये प्रतिशत**
आर्थिक विकास	६७२८३१६०	५६२४१६५३	११.९७
सामाजिक क्षेत्र	३१६५६१८८०	२८३४३४५४०	६०.३४
पूर्वाधार विकास क्षेत्र	६८४०७१२०	५११४६२६१९	१०.९५
वित्तीय व्यवस्थापन र सुशासन	४१०००००	३८३३५१६	०.८२
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	१०४९९८०५८	७४७८०१५६	१५.९२
जम्मा	**५६१३५०२१८**	**४६९७५२४८४**	**१००**

२५

खाना तथा विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु+=१९८१५५७ खर्च गरेको छ ।गाँउपालिकाले बैठक तथा अन्य क्रियाकलाप सँचालनार्थ बिबिध खर्च लेख्दा उपस्थिति सँख्या, कार्यक्रमको पुष्ट्याई लगायतका बिबरण तथा बैठक तथा कार्यक्रम सँचालनको लागि लागत अनुमान तयार गरी खर्च लेख्नुपर्दछ । गाँउपालिकाले बिबिध बैठक तथा कार्यक्रम सँचालनार्थ खर्च भएको उल्लेख गरी खर्चको पुष्ट्याई बेगर केबल बिल भरपाई मात्र सँलग्न गरी बिबिधशीर्षकबाट खाजाखाना बापतको खर्च लेखेको छ । यसरी खर्च लेखेबाट बास्तबिक रुपमा खर्च भएको हो होइन यकिन गर्ने आधार भएन । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

२६

कर्मचारी दरबन्दी पदपुर्ति

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ३१ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत सहित ३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>कर्मचारी करार
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १८ जना कर्मचारीहरु पालिकामा करारमा राखी रु.४७५९०४० खर्च लेखेको छ ।त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा राखेको देखिएन ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>बढी ग्रेड निकासा
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं १.१.३.३ र १.१.३.४ बमोजिम तोकीएको दर तथा शिक्षक किताबखानाले तोकेको ग्रेड हुनेगरी शिक्षकहरुको तलब भत्ता दिनुपर्छ । देहायका शिक्षकहरुलाई तलबि प्रतिवेदनमा उल्लेख भए भन्दा बढी ग्रेड रकम निकासा भएको देखिएकाले बढी निकासा असुल गरी बेरुजू खातामा दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>शिक्षकको नाम</th><th>विद्यालयको नाम</th><th>हुनुपर्ने ग्रेड रकम</th><th>भएको ग्रेड रकम</th><th>बढी भएको रकम</th><th>कैफियत</th></tr>
<tr><td>अगन्धर डंगोल</td><td>भिमसेन मा वि</td><td>५६४०</td><td>६५८०</td><td>१३४४२</td><td>प्रति ग्रेड रु ९४० का दरले १३ महिनाको ग्रेड र क सं कोष बढी निकासा भएको</td></tr>
<tr><td>छिवलाल थापा</td><td>धारा मा वि</td><td>५३२२</td><td>६२०९</td><td>९७५७</td><td>श्रावण देखि चैत्र सम्मको ग्रेड र क सं कोष बढी भएको</td></tr>
<tr><td>कृष्ण वहादुर पुन</td><td>नारायणी मा वि</td><td>५६४०</td><td>६५८०</td><td>४१३६</td><td>प्रथम त्रैमासिकमा ग्रेड सहित संचयकोष बढि भएको</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>२७३३५</td><td></td></tr>
</table></td><td>२७,३३५</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>अनुदान छनोटको आधार र अनुदानको उपयोग
आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९ बमोजमि खर्चको प्रमाण सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ । देहायको विद्यालयलाई देहायबमोजिमको अनुदान उपलब्ध गराएकोमा कानुनी आधार पेश गर्नुपर्ने देखिन्छ । साथै कोभिड १९ क्षति न्यूनिकरण र प्रोत्साहनका लागि दिइएको रकमको के कसरी विद्यालयले खर्च गर्यो सो को सम्बन्धमा अनुगमन गरी अनुगमन प्रतिवेदान पेश गर्नुपर्ने रु.</td><td>१,३००,०००</td></tr>
</table>

क्र सं	विद्यालयको नाम	प्राप्त अनुदान	अनुदान रकम
१	जनकल्याण आ वि	कोभिड १९ क्षति न्यूनिकरण	२०००००
२	ओदानडाँडा प्रा वि	कोभिड १९ क्षति न्यूनिकरण	१०००००
३	भिमसेन मा वि	कोभिड १९ क्षति न्यूनिकरण	१०००००
४	प्राजानत्त्रोदय प्रावि	कोभिड १९ क्षति न्यूनिकरण	१०००००
५	लेखानी प्रा वि	कोभिड १९ क्षति न्यूनिकरण	१०००००
६	काशीराम छन्त्याल प्रा वि	कोभिड १९ क्षति न्यूनिकरण	१०००००
७	जनकल्याण आवि	कोभिड १९ क्षति न्यूनिकरण	१०००००
८	ग्राम विकास आ वि	प्रोत्साहन रकम निकासा	५००००
९	नवयुवक आ वि	प्रोत्साहन रकम निकासा	५००००
१०	अमर प्रा वि बिहुँ	प्रोत्साहन रकम निकासा	५००००
११	अमर प्रावि भिमापोखरा	प्रोत्साहन रकम निकासा	५००००
१२	अमृतपानी आ वि	प्रोत्साहन रकम निकासा	५००००
१३	रेश नुन्थला मा वि	प्रोत्साहन रकम निकासा	५००००
१४	भिमसेन मा वि	सिकाई सुदृढीकरणका लागि प्रोत्साहन	२०००००
	जम्मा		१३०००००

३०			**नमूना विद्यालय अनुदान**	१५,०००,०००

			कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ तथा नमूना विद्यालय विकास एवं संचालन निर्देशिका २०७४ बमोजिम नमूना विद्यालय निर्माणका लागि अमर माध्यामिक विद्यालयलाई शशर्तबाट १ करोड ५० लाख रकम विनियोजन गरिएको देखिन्छ। जसबावट नमूना विद्यालयले स्वीकृत गरकैको गुरुयोजनाको परिधि भित्र रहेर न्यूनतम पूर्वाधारहरुको प्रथामिकतामा उल्लेख गरेका कार्यक्रमहरु आईसिटी ल्याव, विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थपान लगाएतका कार्यक्रम गर्नुपर्ने हुन्छ। अनुदान उपलब्ध गराउदा विद्यालय र स्थानीय तहबीच सम्झौता गरी पहिलो पटक ५० प्रतिशत र बाँकी रकम कार्यप्रगतिका आधारमा उपलब्ध गराउने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष भौचर नं ८६, १३५, २६ र २९७ बाट क्रमश रु.३७७१०००, ३३३४०००, २८९५००० र ५०००००० गरी १ करोड ५० लाख रकम निकासा गरेको देखिन्छ। सो अनुदान रकमबाट के के काम गर्ने गुरुयोजना तथा कार्यसम्पन्न पेश नभएकाले विद्यालयको स्वीकृत गुरुयोजना, कार्यसम्पन्न प्रतिवेदन, नमूना विद्यालयको काम मापदण्ड बमोजिम भए नभएको अनुगमन प्रतिवेद र सपोर्टींङ कागजातको प्रमाण पेश गर्नुपर्ने रु.	
३१	२९७	२०७८-३-१८	**नमूना विद्यालयका प्र अ र शिक्षकलाई प्रोत्साहन अनुदान** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियकाकलाप नं ९.११ र अनुसूचि १३ र १४ बमोजिम मापदण्ड पुरा गरेको हुनुपर्छ। साथै प्रोत्साहन दिँदा नमुना विद्यालय विद्यालय सम्पन्न भैसकेपछि प्रोत्साहन दिनु भन्ने निर्देशन समेत भएकोमा पालिकाबाट रु.२००००० अनुदान रकम निकासा भएको देखिन्छ। यसरी निकासा भएको रकम के कसरी कुन कुन शिक्षकलाई प्रोत्साहन प्रदान गरियो भन्ने विवरण पालिकामा पेश गरेको नदेखिएकोले प्रोत्साहनका लागि छनोट गरिएका शिक्षक र छनोट मुल्याङ्कन गरिएको प्र अ र विद्यालय व्यवस्थापन समितिबाट प्रमाणित कागजात पेश गर्नुपर्ने रु.	२००,०००
३२			**पाठ्यपुस्तकमा बढी निकासा** कार्यक्रम कार्यान्वयन पुस्तिकाका अनुसार इमिस अपडेटको आधारमा विद्यार्थी संख्याको आधारमा ७५ प्रतिशत विद्यार्थीलाई पाठ्यपुस्तक अनुदान रकम निकासा गर्ने र विद्यालयको माग र पाठ्यपुस्तक खरिद विलका आधारमा थप २५ प्रतिशत अनुदान रकम निकासा गर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विभागको निर्देशन अनुसार कोभिडको कारणले १०० प्रतिशत पाठ्यपुस्तक निकासा गरेको देखिन्छ। नमूना विद्यालयको पाठ्यपुस्तक निकासा गर्दा रेश नुन्थला मा विको इमिस डाटा र निकासा विद्यार्थी संख्यामा धेरै फरक परेकाले बढी निकासा भएको रकम असुल गर्नुपर्ने रु	४२,४८३

कक्षा	इमिस अनुसार विद्यार्थी संख्या	निकासा भएको विद्यार्थी संख्या	बढी निकासा भएको विद्यार्थी संख्या	पाठ्यपुस्तकको दर	बढी निकासा रकम
१	११	१३	२	५१८	१०३६
२	८	२०	१२	५४८	६५७६
३	८	१८	१०	५७२	५७२०
४	१६	२२	४	३७०	१४८०
५	२१	२९	८	४०८	३२६४
६	२२	२७	५	६९७	३४८५
७	२९	३३	४	८७२	३४८८
८	३३	३५	२	८९७	१७९४
९	५१	७१	२०	४८५	९७००
१०	४९	६१	१२	४९५	५९४०
	जम्मा				४२४८३

३३			**प्राविधिक भत्ता बढी निकासा** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं १.१.३.४ बमोजिम प्राविधिक धारामा अध्यापन गराउने प्राविधिक शिक्षकलाई प्राविधिक भत्ता वापत प्रतिमहिना ३ हजारका दरले १० महिनाको मात्र भत्ता दिने व्यवस्था छ । भिमसेन मा वि मा ८ जना प्राविधिक अध्यापन गराउने शिक्षक रहेकोमा निजहरुलाई १० महिनाको प्राविधिक भत्ता उपलब्ध गराउनुपर्नेमा १२ महिनाको भत्ता उपलब्ध गराएको देखिएकाले बढी भएको २ महिनाको रु.४८००० असुल गरी बेरुजू खातामा दाखिला गर्नुपर्ने देखिएको रु.	१४४,०००
३४			**पेश्की व्यवस्थापन** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उप नियम (५) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग विल वा अन्य विल विजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एकपाटा बौरा सडक स्तरोन्नतिको लागि गोश्वारा भौचर नम्वर २।०७७।६।१४ मा दिएको मोविलाइजेशन पेश्की रु ५९०००००।०० मध्ये रु २९०००००।०० फर्स्यौट भइ निर्माण व्यावसायी **JOSHI-NISHAN-ACARYA-JV** को नाममा बाँकी रहेको म्याद ननाघेको मोविलाइजेशन पेश्की रु .३००००००।०० नियमानुसार फर्स्यौट हुनु पर्दछ ।	

<table>
<tr><td>३५</td><td>१३२</td><td>२०७७-१२-४</td><td>प्रारम्भिक पढाइ सिप विकासका लागि न्यूनतम प्याकेज कार्यक्रम
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकालाप नं ९.९ बमोजिम पढाइ सिप प्रवर्धन कार्यक्रम लागु भएका जिल्ला तथा स्थानीय तहले कक्षा १-३ का लागि प्रतिकक्षा ३ हजारका दरले जम्मा रु.९००० उपलब्ध गराउने व्यवस्था गरेको छ । उक्त रकमबाट विद्यालयले कक्षा कोठा पढाइ सिप प्रवर्धनका लागि न्यूनतम प्याकेज अन्तर्गत कक्षागत रुपमा एक सेट सिकाई सामाग्री, अभ्यास पुस्तिका प्रति विद्यार्थी एक सेट पुग्नेगरी विद्यालयलाई अनिवार्य रुपले खरिद गर्न लागाउने व्यवस्था छ । सो सामग्रीको प्रयोग भए नभएको स्थानीय तहबाट निरन्तर अनुगमनको व्यवस्था मिलाउने उल्लेख छ । भौचर नं १३२।०७७।१२।४ बाट पालिकाभित्रका ४९ विद्यालयलाई यस अनुदान उपलब्ध गएकोमा उक्त अनुदान रकमको सही सदुपयोग भए नभएको सन्दर्भमा अनुगमन गरी अनुगमन प्रतिवेदन पेश नगरेको हुँदा अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>४४१,०००</td></tr>
<tr><td>३६</td><td>२४१</td><td>२०७८-३-६</td><td>ढुवानी कर कट्टी नगरेकोः
कृषि उत्पादन पकेट क्षेत्र कार्यक्रमको रकम धम्जा आलु पकेट क्षेत्र उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा गिटी बालुवा सिमेन्ट ढुवानी वापतको रकम रु १५०००० मा ढुवानी कर १०प्रतिशत नकाटी भुक्तानी भएकोले सम्बन्धितबाट कर कट्टी गरी संचित कोष दाखिला गर्नुपर्ने रु</td><td>१५,०००</td></tr>
<tr><td>३७</td><td>१७३
र
२२९</td><td>२०७८-१-५</td><td>बढी भुक्तानीः
खर्चको मापदण्ड २०७५ ले सबै प्रकारका तालिम गोष्ठी सेमिनार कार्यशाला संचालन गर्दा अवलम्बन गर्नुपर्ने मापदण्ड निर्धारण गरेको छ।पालिकाबाट गुनासो सुनुवाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धि अभिमुखीकरण एक दिने कार्यक्रम संचालन र सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि अभिमुखीकरण एक दिने तालिम संचालन गर्दा तपसिलमा उल्लेखित कर्मचारीहरुलाई दुईवटा कार्यक्रमको विभिन्न भत्ता वापत मापदण्ड भन्दा बढी भुक्तानी भएकाले सम्बन्धितबाट असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>क्र। सं।</th><th>नाम।थर</th><th>भुक्तानी हुनुपर्ने प्रतिवेदक भत्ता</th><th>भुक्तानी हुनुपर्ने संयोजक भत्ता</th><th>भुक्तानी भएको प्रतिवेदक भत्ता</th><th>भुक्तानी भएको संयोजक भत्ता</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>विजय गौतम। प्रतिवेदक</td><td>२०००</td><td>—</td><td>५०००</td><td>—</td><td>३०००</td></tr>
<tr><td>२</td><td>अचंल थापा।संयोजक</td><td>—</td><td>८००</td><td>—</td><td>२०००</td><td>१२००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>४२००</td></tr>
</table></td><td>४,२००</td></tr>
<tr><td>३८</td><td>३०६</td><td>२०७८-३-२०</td><td>वितरण भर्पाई नभएकोः
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकामा पशु सम्बन्धी कार्यक्रम अन्तर्गत रु ९९५०० को पशुसँग सम्बन्धित औषधि धौलागिरी भेट सेन्टरबाट खरिद गरी भुक्तानी गरेको अवस्था छ ।तर उक्त औषधि के कति परिमाणमा वितरण भयो सोको जानकारी पेश नभएकाले वितरण भर्पाई प्रमाणको रुपमा पेश गर्नुपर्ने रु</td><td>९९,५००</td></tr>
</table>

३९

कृषि तथा पशु अनुदान तर्फः

सरकारी अनुदान रकम वितरण,सहयोग सही एवम समुचित तरिकाले गरी खर्चको सार्वजनिकीकरण एवम् अनुमोदन हुनु पर्दछ र सो को प्रभावकारी मापन गर्ने संयन्त्र विकास गरी उत्पादन एवम उत्पादकत्व वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन साथै अनुदान वितरण गर्दा जग्गाको स्वामित्व हेरी मात्र वितरण गर्नु पर्दछ ।यस वर्ष पालिकाबाट संचालित व्यक्तिगत समुहगत अनुदानका मुख्य कार्यक्रमहरु देहाय वमोजिम छन् ।

गो.भौ.नं	विवरण	अनुदान खर्च रकम
१६७।२०७८।३।२४	जनजागरण बाख्रा पकेट समुहलाई अनुदान	५६७१९४
१६७।२०७८।३।२४	सहारा बाख्रापालन समुहलाई अनुदान	७७२४५६
गा।पा। चालु	मासु पसल सुधार ५० प्रतिशत अनुदान	५००००
गा।पा। चालु	माछा पोखरी निर्माण ५० प्रतिशत अनुदान	१०००००
गा।पा। चालु	सहकार्यमा च्यापकटर खरिद	१५००००
गा।पा। चालु	मासुमा आत्मनिर्भर कार्यक्रम	३०००००
गा।पा। चालु	दुधमा आत्मनिर्भर कार्यक्रम	५०००००
गा।पा। चालु	स्थानीय कुखुरा संरक्षणका लागि खोर अनुदान	२५००००
गा।पा। चालु	व्यावसायिक उन्मुख बाख्रा फार्म सुधार	२५००००
गा।पा। चालु	पाडापाडी संरक्षण कार्यक्रम	१०००००
गा।पा। चालु	उन्नत जर्सी क्रस बाच्छी खरिद	३०००००
गा।पा। चालु	बंगुरको वीर वितरण कार्यक्रम	१०००००
१९।२०७८।२।२२	नमुना अलैची उत्पादन कृषक समुहलाई अनुदान	१०००००

यसबाट देखिएको व्यहोराहरु यसप्रकार छन्

(क) अनुदानको सहि सदुपयोग भए नभएको सम्वन्धमा स्थानीय तहवाट अनुगमन भएतापनि अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । संचालित कार्यक्रमको कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवद्धन केन्द्र,कृषि विभाग तथा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयवाट समेत अनुगमन तथा मुल्याङकन कार्य हुने उल्लेख

https://nams.oag.gov.np

			भएकोमा अनुगमन तथा मुल्याङ्कन भएको पाइएन ।अनुदानवाट प्राप्त लाभको विष्लेषण गरी आगामी दिनमा अनुदानको प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नहुने हुँदा ठुला अनुदानका कार्यक्रम संचालन कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो(संघ,प्रदेश, स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्दछ । (ख) कृषि तथा पशुपालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानको कार्यक्रम संचालन गर्दै आएको छ । पालिकाले कृषि क्षेत्र तथा पशुक्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गराउने तर्फ पालिकाले ध्यान नदिई अनुदानका कार्यक्रम मात्र संचालन गरेको देखियो ।एक सरकारले ल्याएका नीतिलाई अर्को सरकारले सहयोग गर्नेगरी कार्यक्रम संचालन गर्नु पर्दछ ।	
४०			**प्रधानमन्त्री रोजगार कार्यक्रमः** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७६अनुसारस्थानीय तहमा सुचिकृत वेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ। पालिकामा यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सिढी निर्माण, नाली सोलिङ गर्ने कार्य, गारो लगाउने पदमार्ग निर्माण लगायताका कार्यमायस आ.व रु=१ करोड २२ लाख खर्च गरी दर्ता भएका १६९४ मध्येबाट २७५ जनालाई प्रत्यक्ष रुपमा १४ दिनदेखि ९८ दिनसम्मको रोजगारी प्रदान गरेको देखिन्छ।प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चलन निर्देशिका २०७५ को दफा २ (ट) मा वेरोजगार व्यक्तिलाई स्थानिय तहको रोजगार सेवा केन्द्रमा सुचिकृत गरी परिचय पत्र वितरण गर्नुपर्ने व्यवस्था गरेको छ।कार्यविधिको दफा १३(१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगार व्यक्तिहरु मध्येवाट निर्देशिकाको दफा २१ को उपदफा (३) वमोजिमको प्रथामिकता क्रममा आधारमा काममा खटाउनु पर्ने व्यवस्था रहेको छ।नगरपालिकाले वेरोजगार व्यक्तिहरुको सुचि तयार गरि परिचयपत्र वितरण गरेर प्रथामिकताको आधारमा मात्र कामका लागी पारिश्रमिक कार्यक्रममा सहभागी गराउनु पर्नेमा सो गरेको पाइएन।वडाको सिफारिसका आधारमा मात्र कामदारहरु छनौट गरीकार्यक्रम सञ्चालन गरेको देखिँदा वास्तविक वेरोजगार व्यक्तिहरुले नै रोजगारी प्राप्त गरे भन्ने आधार रहेन।कार्यक्रममा सहभागी कामदारको ज्याला वैकिङ प्रणालीवाट भुक्तानी गर्ने अवस्था हुदा हुदै सो नगरी डोर हाजिरीमा नै भर्पाई गरी पालिकावाट एकमुष्ट रुपमा एक जना व्यक्तिको नाममा रकम निकासा भएकोले वितररण गरिएको रकम विश्वसनिय छ भन्न सकिएन।आयोजना सञ्चालन पुर्व स्थानिय तहले प्राविधिक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने र सोको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नुपर्नेमा कतिपय आयोजनामा प्राविधिक प्रतिवेदन संलग्न भएको छैन।कानुनमा भएको व्यवस्थाको पालना गर्दै सुचिकात वेरोजगारहरुले रोजगारी पाउने अवस्थाको सृजना गरेर रोजगार व्यवस्थापन सुचना प्रणालीलाई अद्यावधिक गर्दै कामका लागी पारिश्रमिक कार्यक्रमलाई विश्वसनिय तथा प्रभावकारी वनाउनुपर्दछ।	
४१			**पारिश्रमिक कर कट्टी नगरेकोः** आयकर ऐन, २०५८ को दफा ८ मा रोजगरावाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदातावाट कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयमा कार्यरत निम्न कर्मचारीहरुको वार्षिक पारिश्रमिक भुक्तानीमा कम कर कट्टी गरेको देखिएकोले असुल गरी दाखिला गर्नुपर्ने रु	७५,४९२

क्र।सं।	पद नाम थर	वार्षिक आय	कट्टी रकम	करयोग्य आय	तिर्नुपर्नेकर	तिरेको कर	नपुग कर
१	जनक पौडेल	५१७३५०	००	५१७३५०	११२३५	४५००	६७३५
२	रामचन्द्र लामा	७३६१२२	१८४७१६	५५१४०६	१४६४०	४५००	१०१४०
३	देवीमाया भण्डारी	६५१२५८	१६०७६४	४९०४९४	८५४९	४५००	४०४९
४	लक्ष्मीप्रसाद निउरे	७१९४१८	१७८०४४	५४१३७४	१३६३७	४५००	९१३७
५	मायादेवी निउरे	६५१२५८	१६०७६४	४९०४९४	८५४९	४५००	४०४९
६	राजेन्द्र महतो	७१८१९२	१८१६९२	५३६५००	१३१५०	४५००	८६५०
७	लोक बहादुर भण्डारी	७१९४१८	१७८०४४	५४१३७४	१३६३७	४५००	९१३७
८	सोमराज पाण्डेय	७१९४१८	१७८०४४	५४१३७४	१३६३७	४५००	९१३७
९	विद्यालक्ष्मी शर्मा	६६८२९८	१६५०८४	५०३२१४	९८२१	४५००	५३२१
१०	धुव्र के।सी।	७१९४१८	१७८०४४	५४१३७४	१३६३७	४५००	९१३७
	जम्मा						७५४९२

४२

औषधि खरिदः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर पालिकाले उक्त प्रक्रिया वेगरविभिन्न मितिमा विभिन्न सप्लायर्सवाट रु-२७ लाख ६९ हजार बराबरको औषधि सोझै खरिद गरेको छ।यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

· खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोकोमूल्य राष्ट्रिय पत्रपत्रिकामाप्रकाशन समेत भएको नदेखिएको

· आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको

· आपूर्ति भएकाऔषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।

			· औषधिको जिन्सीकितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको · औषधिकोखर्चघटाउदामागफारामकोआधारमाघटाउनुपर्नेएकमुष्टघटाउनेगरेको। तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
४३	३५६	२०७८-३-२५	**हात्तीपाइले औषधि सेवन कार्यक्रमः** हात्तीपाइले विरुद्धको आम औषधी सेवन कार्यक्रम संचालन निर्देशिकामा व्यवस्था भए अनुसार आम औषधी सेवन कार्यक्रममा स्वास्थ्यकर्मी परिचालन गर्दा पहाडमा एक स्वास्थ्यकर्मी बरावर १४० जना र तराईमा एक स्वास्थ्यकर्मी बरावर १५० जनालाई औषधी खुवाउनुपर्ने उल्लेख छ । साथै यसरी स्वास्थ्यकर्मी परिचालन गर्दा खटिएका स्वास्थ्यकर्मीलाई यातायात खर्च रु. ५०० र खाजा खर्च रु. २०० गरी एक जनालाई प्रतिदिन रु. ७०० खर्च दिने व्यवस्था रहेको छ ।हात्तीपाइले विरुद्धको आम औषधी सेवन कार्यक्रम खर्च फाँटवारी परीक्षण गर्दा कुल १८५०३ जनसंख्यालाइ निर्देशिका वमोजिम वढीमा १३२ जना स्वास्थ्यकर्मी र सोही अनुपातमा स्वयमसेविका परिचालन गरी रु. १७१६०० खर्च लेख्नुपर्नेमा १६८ जना स्वास्थ्यकर्मी र २७९ जना स्वयमसेविका परिचालन गरी रु २८५००० खर्च लेखेको छ।यसरी निर्देशिकाले तोकेको भन्दा वढी ३६ जना स्वास्थ्यकर्मी र १४७ जना स्वास्थ्य स्वयसेविका परिचालन गरी स्वास्थ्यकर्मी प्रति जना यातायात खर्च रु ५०० र खाजा खर्च रु २०० का साथै स्वयमसेविका प्रति जना यातायात खर्च रु ४०० र खाजा खर्च रु २०० अनुसार वढी खर्च लेखेको रकम सम्वन्धित व्यक्तिवाट असूल गरी संचितकोष दाखिला गर्नुपर्ने रु.	११३,४००
४४			**शिक्षक दरबन्दी पदपुर्ति विवरण** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । विद्यालय: ५० वटा विद्यालय; शिक्षक दरवन्दी: ३१३; स्थायी पदपुर्ती: १५६; पदपुर्ती मध्ये करार: १५७; विद्यार्थी संख्या: ४७७७ यस सम्बन्धमा निम्नानुसार देखिएको छ । · स्थानीय तह मातहतमा रहेका ५० विद्यालय रहेका छन् । दरवन्दी नभएका विद्यालयहरुमा राहत दरवन्दी तथा पालिकाले दरबन्दी स्वीकृत गरी आन्तरिक श्रोतबाट तलवभत्ता खुवाउने गरि पदपुर्ति गरी पठन पाठनको व्यवस्था मिलाएको छ । · ५० विद्यालयमा ३१३ शिक्षक दरबन्दी रहेकोमा १५६ पदमा स्थायी पदपुर्ती भएको, १५७ जना करारमा शिक्षक रहेको देखिन्छ । दरबन्दी अनुसारको शिक्षक पदपुर्ती हुनुपर्दछ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ ।	
४५			**तलबमा बढी निकासा** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं १.१.३.३ र १.१.३.४ बमोजिम तोकीएको दर बमोजिम दिने व्यवस्था छ । देहायबमोजिमका शिक्षकहरुलाई बढी निकासा भएको देखिएकाले असुल गर्नुपर्ने देखिएको रु.	७२,७०९

Table within row ४४:

विद्यालय	शिक्षक दरवन्दी	स्थायी पदपुर्ती	पदपुर्ती मध्ये करार	विद्यार्थी संख्या
५० वटा विद्यालय	३१३	१५६	१५७	४७७७

शिक्षकको नाम	विद्यालयको नाम	हुनुपर्ने निकासा	भएको निकासा	बढी निकासा	कैफियत
यादव पौडैल	भिमसेन मा वि	१२०९९९	१३७८४७	१६८४८	२०७७।१२।१५ मा सरुवा भएकोमा निजलाई पुरै महिनाको निकासा भएको
मान वहादुर के सी	भिमसेन मा वि	८४७७४	१२५०७६	४०३०२	२०७८।३।१ मा राजिनामा भएकोमा निजलाई पुरै महिनाको निकासा भएको
प्रदिप शर्मा	नारायणी मा वि	१११६०१	१२७१४०	१५५३९	२०७७।१२।१९ मा अवकाश भएकोमा निजको तलब पुरै त्रैमासिकको निकासा भएको
जम्मा				७२७०९	

४६	३३९	२०७८-३-२३	**दोहोरो छुट निकासा** नारायणी मा विको प्रथम त्रैमासिकमा यस विद्यालयको शिक्षकहरुको तलब स्केल ३५९९० का दरले माग गर्नुपर्नेमा ३४९९० माग गरी सोहि बमोजिम निकासा भएको र तेस्रो त्रैमासिकमा छुट वापतको रकम रु १२००० निकासा भैसकेकोमा भौचर नं ३३९।०७८।३।२३ बाट पुन निकासा भएको देखिएकाले दोहोरो परेको देखिएकाले उक्त रकम असुल गरी बेरुजू खातामा दाखिला गर्नुपर्ने रु.	१२,०००
४७			**दिवा खाजा** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं.२.७.११.१ बमोजिम बाल विकास कक्षा देखि कक्षा ५ सम्मका वालवालिकालाई दिवा खाजा बापत प्रतिविद्यार्थी रु.१५ का दरले विद्यार्थी दैनिक हाजिरको आधारमा बढीमा १८० दिनको अनुदान विद्यालयलाई दिने व्यवस्था रहेको छ । यस पालिकाले दिवा खाजाको लागि रु.३३२८७१० निकासा दिएको छ । जसमा केहि विद्यालयले मात्र दिवा खाजा खुवाएको विल भरपाई पालिकामा पेश गरेका छन भने अन्य अधिकांश विद्यालयले खाजा खुवाएको प्रमाण पेश गरेको देखिदैन । र यस सम्बन्धमा पालिकाले अनुगमन गरेको समेत देखिएन । पालिकाले दिवा खाजा सम्बन्धित विद्यार्थीहरुलाई खुवाए नखुवाएको तथा खाजाको गुणस्तर भए नभएको र विद्यार्थीको सहभागीता रहे नरहेको सम्बन्धमा अनुगमन गरी विद्यालयलाई थप जिम्मेवार बनाउनुपर्ने देखिन्छ । साथै देहायका विद्यालयलाई इमिस विद्यार्थी संख्या भन्दा बढी संख्यालाई दिवा खाजा रकम निकासा भएको देखिएकाले असुल गर्नुपर्ने रु.	८६,६२५

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>विद्यालयको नाम</th><th>इमिस विद्यार्थी संख्या</th><th>निकासा विद्यार्थी संख्या</th><th>दिन</th><th>दर</th><th>बढी निकासा</th></tr>
<tr><td>करलिन आ वि</td><td>६५</td><td>७९</td><td>७७</td><td>१५</td><td>१६१७०</td></tr>
<tr><td>रेशनुन्थला मावि</td><td>९३</td><td>१५४</td><td>७७</td><td>१५</td><td>७०४५५</td></tr>
<tr><td>कुल</td><td></td><td></td><td></td><td></td><td>८६६२५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td>३३४</td><td>२०७८-३-१४</td><td>छुट प्राविधिक ग्रेड निकासा
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको दफा ३९ बमोजमिक खर्चको आधार खुल्नेगरी प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ ।पालिकाले शिक्षकहरुको प्राविधिक छुट रकम निकासा भनि जंग बहादुर खड्का, मान बहादुर थापा र दल बहादुर थापा क्षेत्रीलाई प्रति व्यक्ति रु.२६६९६ का दरले रु.८००८८ रकम निकासा भएकोमा निजहरुले कहिले देखि प्राविधिक ग्रेड प्राप्त गर्ने हो एकीन हुने निर्णय र आधार पेश नभएकाले प्रमाण पेश गर्नुपर्ने रु.</td><td>८०,०८८</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>कार्यसम्पादन जमानत नपुगेको
सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ उपदफा ४ मा वोलपत्रदाताले जमानत दाखिला गर्दा लागत अनुमान भन्दा १५ प्रतिशत कम अंक कबुल गरेमा कबुल अंकको ५ प्रतिशत र लागत अनुमानको १५ प्रतिशत भन्दा वढी घटेर कबुल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमले घटि कबुल गरेको छ सोको ५० प्रतिशतले हुन आउने रकम कबुल अंकको ५ प्रतिशतमा थप गरी वाणिज्य वैंक वाट जारी भएको कार्यसम्पादन जमानत पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले ठेक्का नम्वर KRM/W/077-078-01 कार्यको लागि निर्माण व्यावशायी ए.ए.कन्सट्रक्सन संग रु.१०१७८३२५।०० मा सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा सम्झौताका बखत रु.३४६८१६७।०० को कार्यसम्पादन जमानत पेश गर्नु पर्नेमा रु.५०८६१६।०० को मात्र कार्यसम्पादन जमानत पेश गरेकोले नपुग कार्यसम्पादन जमानत पेश गर्नुपर्ने रु.</td><td>२,९६०,३५१</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>सम्पुरक अनुदान
:नेपाल सरककार सममुरक अनुदान सम्वन्धी कार्यविधि २०७५ दफा ६(१) मा नेपाल सरकारले समितिले छनौट गरेको आयोजना /कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यक्ता ,प्राथमिकता ,कार्यान्वियनवाट हुन सक्ने उपलव्धी ,आयोजना /कार्यक्रमको दिगोपना समेतको आधारमा प्रदेश वा स्थानीय तहलाई कुल लागतको अधिकतम ५० प्रतिशत सम्म रकम समपुरक अनुदान प्रदान गर्न सक्ने उल्लेख छ । पालिकाले ठेक्का नम्वर KRM /W/076-077-3(एकपाटा बौरा सडक स्तरोन्नति) को कार्य वापत यस आर्थिक वर्षमा रु.२९०००००।०० पेश्की फर्स्यौट समेत रु.२४४०२५२२।०० निर्माण व्यावशायी JOSHI-NISHAN_ACHARYA JV लाई खर्च लेखेको छ । लागत सहभागिताको आधारमा खर्च रकमको ५० प्रतिशतले हुने रु.१२२०१२६१।०० पालिकावाट र ५० प्रतिशतले हुने रु.१२२०१२६१।०० समपुरक अनुदानवाट मात्र खर्च लेख्नु पर्नेमा संघीय समपुरक अनुदानवाट रु.१६३००००।०० खर्च लेखेकोले वढी खर्च लेखिएको रकम फिर्ता भएको प्रमाण पेश हुनुपर्ने रु</td><td>४,०९८,७३९</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>कार्यसम्पादन जमानतको म्याद नपुगेको
सार्वजनिक खरिद नियमावली,२०६४ को नियम मा सार्वजनिक निकायले कार्यगराउदा नियमानुसार कार्यसम्पन्न हुने अवधी भन्दा १३ महिनावढी अवधी सम्मको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले ठेक्का नम्वर KRM/W/076-077-05 एक घर एक धारा निर्माण कार्यको लागि २०७८।२।१५ मा सम्पन्न गर्ने गरी २०७७।२।१५ मा निर्माण</td><td>४८१,०००</td></tr>
</table>

			व्यावसायी अमृत निर्माण सेवा सँग सम्झौता भएकोमा समयमा कार्यसम्पन्न गर्न नसकी २०७८।१०।३० सम्म कार्यसम्पन्न गर्न म्याद थप भएकोमा निर्माण व्यावसायीले २०७९।५।१७ सम्मको कार्यसम्पादन जमानत पेस भएकोले २०७९।११।३० सम्मको कार्यसम्पादन जमानत पेस हुनुपर्ने रु.	
५२			**प्रदेश समपुरक अनुदान** प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधि,२०७५ को दफा ४(३) मा आयोगको प्रकृति ,प्रदेश सरकारको प्राथमिकता ,आवश्यक्ता ,आयोजना वा कार्यक्रमवाट प्राप्त हुनसक्ने सम्भाव्य उपलव्धी ,दिगोपना,स्थानीय तहको माग र लगानी क्षमता समेतको आधारमा कुल लागतको कम्तीमा ६० प्रतिशत सम्म रकम प्रदेश सरकारले समपुरक अनुदानको रुपमा प्रदान गर्न सक्ने उल्लेख छ । ठेक्का नम्वर IFB/RFB/EOI/PQNO-KRM/W/077-078 -02 राहाले घुम्टी, मुखिया डाँडा, धम्जा हिलवडा कार्यालय हुँदै भकाम्ली जोडने सडक को लागि ए.ए. कन्सट्रक्सन वागलुङ संग सम्झौता भइ प्राविधक मुल्याङकन अनुसार दोस्रो रनिङ विल सम्म रु.३७१६८३४।५२ को मुल्याङकन भई रु.३६२९९९२।०० खर्च लेखेकोमा सो को ६० प्रतिशतले हुने रु.२१७७९९५।२० समपुरक अनुदानवाट खर्च व्यहोर्नु पर्नेमा रु. २५०००००।०० खर्च व्यहोरेको देखिएकोले समपुरक अनुदानवाट वढी खर्च भएको रु	३२२,००४
५३			**सोझै खरिद** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ वमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु ५ लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने र रु २० लाख सम्म सिलवन्दी दरभाउपत्रवाट र सो भन्दा माथि वोलपत्रको माध्यमवाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सिमा भन्दा वढीको खरिद गर्न नहुने एवं एउटा आपुर्ति कर्ता संग एक पटकभन्दा वढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पुँजिगत शिर्षकवाट निर्माण कार्य गराउदा निम्नानुसार एउटै निर्माण व्यावसायी संग एक पटक भन्दा वढी सोझै खरिद गरेको अनियमित देखिएको रु	१,६५३,४७३

गो भा न र मिति	कार्यको विवरण	फर्मको नाम	रकम
६।२०७७।६।२६	मेशिनरी औजार	सगरमाथा इंक हाउस	२३१०००
४३३।०७८।३।२८	मेशिनरी औजार	सगरमाथा इंक हाउस	२४००००
२१।७८।३२९	मेशिनरी औजार	सगरमाथा इंक हाउस	२६९३७६
२८३।०७८।३।१	मेशनरी औजार	गौतम आई टि सोलुसन	१९९१०६
३६९।२०७८।३।२१	फर्निचर	ग्यालेक्सी फर्निचर एण्ड फर्निसिङ एण्ड	२७५२६९
११८।०७८।१०।२८	फर्निचर	ग्यालेक्सी हार्डवेयर	१८४४७२
३७१।०७८।३।२१	कार्यालय सामान	धौलागिरी अफसेट प्रेस	२५४२५०
जम्मा			१६५३४७३

५४	२९९	२०७८-३-८	**अनुगमन प्रतिवेदन** पालिकाले यो वर्ष पुँजिगत शिर्षकवाट कार्य गराउदा विभिन्न साइजका ग्यावन जालि खरिद गरी वितरण गरेको पाईयो । खरिद गरिएको जालि वितरण गरेको भएता पनि उक्त जालीहरु प्रयोग भए नभएको सम्वन्धमा प्राविधिकवाट मुल्याङकन साथै पालिकावाट अनुगमन मुल्याङकन समेत नभएको देखिएकोले वितरण गरिएका जालि प्रयोग भए नभएको सम्वन्धमा अनुगमन मुल्याङकन प्रतिवेदन पेश हुनु पर्ने रु	४९८,६०१
५५	४२६	२०७८-३-२७	**भुक्तानी दिन वाँकी कच्चावारी** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४० (७) अनुसार विशेष कारण र परिस्थितीवश चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने भएमा बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनुपर्ने कारण खोली महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई श्रावण १५ गतेभित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रण कार्यालबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले सर्वसिद्धि सप्लायर्स प्रा.लि वाट गत वर्ष ग्याविन जालि खरिद गरेको तर श्रोत अभावको कारण भुक्तानी दिन नसकिएको भनि गो. भा.न ४२६।०७८।३।२७ वाट रु ४९५१५४।००मिति २०७८।३।२७ को टिप्पणी तथ आदेश अनुसार भुक्तानी दिएको देखिएकोले भुक्तानी दिन वाँकीको कच्चावारी वेगर भुक्तानी दिएको उक्त रकम अनियमित देखिएको रु.	४९५,१५४
५६			**एकै प्रकृतिको कार्यको फरक फरक लागत अनमान गराइ खरिद कार्य गरेको** सार्वनिक खरिद नियमावली,२०६४ मा एउटै प्रकृतिको कार्यलाई टुक्र टुक्रा वनाई प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्य गर्ने नहुने व्यवस्था उल्लेख छ ।डिजिटल गाँउपालिका वनाउने नीति तथा कार्यक्रम अनुसार रु.२५०००००।०० वजेट विनियोजन गरेकेमा उक्त कार्यको लागि २ प्याकेज वनाई डाटारिफाइनिङ एण्ड मेनेजमेन्ट को लागि खुला आशयपत्र माग गरी माहाकाली मेची टेक्नोलोजी प्रा लि र सफ्टवेयर सिष्टम एण्ड डाटा कलेक्शन को लागि फोर जि इन्जिनियरिङ सोलुसन प्रा लि सम्झौता गरि क्रमश: गोश्वारा भौचर नम्वर ३२६।०७८।३।१५ मा रु.५४५०००।०० र २२७।०७८।३।१५ मा रु.१९३४०००।०० समेत रु.२४७९०००।०० खर्च लेखेको छ । एउटै प्रकृतिको कार्यलाई एकै पटक एउटै लागत अनुमान वनाई वोलपत्रको माध्यम वाट खरिद कार्य गर्नुपर्नेमा छुट्टा छुट्टै लागत अनुमान वनाई छुट्टा छुट्टै आशयपत्र माग गरि खरिद कार्य गरेको देखिएकोले खरिद कार्य नियम सम्मत नदेखिएको रु	२,४७९,०००
५७			**जिन्सी दाखिला को प्रमाण पेश हुनु पर्ने** स्वीकृत वार्षिकार्यक्रम अन्गर्गत कृषि प्रवर्द्धन तथा कृषक पहिचान कार्यक्रममा ५० प्रतिशt अनुदानमा निम्नानुसारका सँस्थालाई वितरण गरिएको टनेल,मिनीमिल र मिनीटेलर हलो उक्त सँस्थाको जिन्सी खातामा आम्दानी वाँधेको प्रमाण पेश नभएकोले सँस्थाको जिन्सी खातामा आम्दानी बाँधेको जिन्सी दाखिला प्रतिवेदन पेश हुनुपर्ने रु	५००,०००

सामाग्रो वुझ्ने सँस्थाको नाम	सामाग्री	परिमाण
विभिन्न कृषि फर्म,सहकारी समुह र सँस्था	पलाष्टिक टनेल	४०
उधमशिल कृषि समुह	मिनी मिल	१
प्रगतिशिल कृषि समुह	हलो	१
एकछाने कृषि समुह	मिनि टेलर	१
धम्जा कृषि सहकारी	मिनी मिल	१
धम्जा कृषि सहकारी	मिनी टेलर	२
जनचेतना कृषि समुह	मिनी टेलर	१
रामचलु अलैची कृषि समुह	मिनी टेलर	१
द्धवारकृषि समुह	मिनटेलर	१

५८

कृषिमा अनुदान

सरकारी अनुदान रकम वितरण,सहयोग सही एवम समुचित तरिकाले गरी खर्चको सार्वजनिक करण एवम अनुमोदन हुनु पर्दछ र सो को प्रभावकारी मापन गर्ने संयन्त्र विकास गरी उत्पादन एवम उत्पादकत्व वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन साथै अनुदान वितरण गर्दा जग्गाको स्वामित्व हेरी मात्र वितरण गर्नु पर्दछ ।यस वर्ष संचालित मुख्य कार्यक्रमहरु देहाय वमोजिम छन् ।

https://nams.oag.gov.np

गो.भा.न	विवरण	अनुदान खर्च रकम
९८।०७७।१०।३	दलित समुदायको लागि बख्रा वितरण	४००००
२५५।२०७७।२।२०	कृषि प्रवर्द्धन कृषि सामाग्री तथा औजार खरिद	३०००००
३१९।०७८।३।१५	कृषि औजार तथा विउ विजन वितरण	२०००००
३३४।०७८।३।१६	कृषि प्रवर्द्धन तथा किसान पहिचान उ स वडा नम्वर ८	५०००००
३४१।०७८।३।१७	चिया आलु सुन्तला र वाख्रा पकेट क्षेत्र विस्तार	२०००००
४५५।०७८।३।१९	युवा स्वरोजगार श्रृजना कृषि क्षेत्र	७२३६३४

(क) अनुदानको सहि सदुउपयोग भए नभएको सम्वन्धमा स्थानीय तहवाट अनुगमन भएतापनि अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदानवाट प्राप्त लाभको विष्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नहुने हुँदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो(संघ,प्रदेश, स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।

(ख) कृषि तथा पशुपालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानको कार्यक्रम संचालन गर्दै आएको छ । पालिकाले कृषि क्षेत्र तथा पशुक्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गराउने तर्फ पालिकाले ध्यान नदिई अनुदानका कार्यक्रम मात्र संचालन गरेको देखियो ।एक सरकारले ल्याएका नीतिलाई अर्को सरकारलेसहयोग गर्नेगरी कार्यक्रम संचालन गर्नु पर्दछ ।

५९

प्रतिविद्यार्थी लागतका आधारमा शिक्षण सिकाई लगायत अन्य अनुदान

कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८ को २.१ बमोजिम कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीलाई रु.१००, प्रतिविद्यार्थी लागत अनुदान १-५ लाई रु.१५०, ६-१० लाई रु.२००, ११-१२ लाई रु २५० का दरले अनुदान दिने व्यवस्था रहेको छ । साथै सि यु जि सेवाबापत कक्षा ४ देखि १२ का विद्यार्थीलाई रु १२५ र कोभिड सेवा तर्फ कक्षा १ देखि १२ का विद्यार्थीहरुलाई प्रतिविद्यार्थी रु. २०० का दरले निकासा दिने व्यवस्था रहेको छ ।नमूना परीक्षण गर्दा देहायबमोजिमका विद्यालयलाई इमिस डाटाभन्दा बढी संख्यामा निकासा गएको देखिएकाले असुल गर्नुपर्ने रु

३७,३५०

विद्यालयको नाम	कक्षा	बापत	इमिस विद्यार्थी संख्या	निकासा विद्यार्थी संख्या	दर	बढी निकासा
अमर मा वि	११-१२	बुक कर्नर	१२२	१३०	२५०	२०००
रेश नुन्थला मा वि	१-५	बुक कर्नर	७०	१०२	१५०	४८००
	६-८	बुक कर्नर	८४	१०५	२००	४२००
	४-१२	सि यु जी सेवा	२९२	३४६	१२५	६७५०
	१-१२	PoHM सेवा	३१९	३९७	२००	१५६००
झ्यानज्योति मा वि	१	बुक कर्नर	१८	२२	५००	२०००
मुक्तिनाथ मावि	१	बुक कर्नर	१६	२०	५००	२०००
जम्मा						३७३५०

६०	२३३	२०७८-३-६	**सेनेटरी प्याड खरिद** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.३ बमोजिम कक्षा ६ देखि १२ सम्मका सबै छात्राहरुलाई निशुल्क वार्षिक १० महिनाको लागि सेनेटरी प्याड वितरण गर्ने व्यवस्था गरेको छ । सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गर्न पालिकाले शिलबन्दीबाट २०५०० प्याकेट सेनिटरीप्याड खरिद गरी लक्ष्मी ट्रेडर्सलाई गो.भौ.नं.२३३।२०७८।३।६ बाट रु.९२२४३० भुक्तानी गरेको छ । छात्राहरुको स्वास्थ्य तथा सरसफाईसँग जोडिएको यस्तो खरिद कार्य आर्थिक वर्षको सुरुमा गरी समयमै वितरणको व्यवस्था मिलाउनुपर्नेमा आर्थिक वर्षको अन्त्यमा खरिद गरेको देखिन्छ । कक्षा ६ देखि १२ सम्मका छात्रा र ६ कक्षा भन्दा तल्लो कक्षामा माग भए बमोजिम विद्यार्थी संख्या विद्यालयसंग माग गरी सोही संख्याको आधारमा खरिद गर्नुपर्नेमा सो गरेको पाइएन । साथै सेनेटरी प्याड विद्यालयलाई छात्रा विद्यार्थीको आधारमा वितरण गर्नुपर्नेमा वितरण गरेको भरपाई पेश नगरेकाले वितरण भरपाई पेश गर्नुपर्ने रु. क) पालिकाले सेनिटरी प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग अनुसार निकासा दिने, तोकिएअनुसार वितरण भए नभएको र वितरणको अभिलेख व्यवस्थित राखे नराखेको अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दात यकिन गरी आगामी वर्षकोलागि आवश्यक खुद परिमाण यकिन गरी आवश्यक परिमाणमामात्र खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ। ख)सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधी २०७६ को दफा ३१ अनुसार विद्यालयले चौमासिक रुपमा कार्यक्रम कार्यान्वयनको चौमासिक विवरण स्थानीय तह र समाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेमा पठाएको देखिएन ।	९२२,४३०
६१			**छात्रवृति अनुदान**	१४,०००

<table>
<tr><td></td><td></td><td></td><td>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं ७.२.१.१ को ४.२ बमोजिम छात्रवृति गर्नुपर्ने व्यवस्था छ। छात्रवृति वितरण गर्दा इमिस डाटा तथा सत्यापान गराएको विद्यार्थीको आधारमा वितरण गर्नुपर्छ । पालिकाले छात्रा रु.६३७२०० र दलित रु.२१२४०० गरी कुल रु.८४९६०० बराबरको रकम निकासा दिएको देखिन्छ । केही विद्यालयको क्षात्रवृति निकासा रकम इमिस डाटा भिडाउदा रेश नुन्थला मा विको १-८ को छात्रा विद्यार्थी ७६ रहेकोमा पालिकाबाट १११ जनालाई निकासा भएको देखिएकोले बढी भएको ३५ जनाको रु.४०० का दरले असुल गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>व्याकुलोडरबाट आम्दानी नभएको
पालिकाको मातहतमा एक्साभेटर रहेको देखिन्छ । तर पालिकाले त्यसलाई भाडामा लगाएर आन्तरिक आम्दानी बढाउने तर्फ ध्यान नदिइ पालिकाले पहिरो सफाई र बाटो मर्मतमा मात्र प्रयोग गरेको देखिन्छ । मिति २०७५।५।११ मा बसेको कार्यापालिकाको बठैक अनुसार ठूलो मेसिन एक्साभेटर प्रयोग गरेबापत रु.५००० र सानो मेसिन व्याकुलोडर प्रयोग गरे वापत रु.२२०० प्रतिघण्टाको दरले लिने निर्णय गरेको छ । यस आवमा कुल २५३९।३ घण्टा काम गरेको भनि पालिकाले चालकालाई प्रोत्साहन दिएको देखिन्छ । व्यकहोलोडर चालक र हेल्परलाई प्रोत्साहन बापत रु.५०७८६० खर्च, त्यस वापत इन्धनमा रु.१६१७५०० खर्च भएको छ भने मर्मतमा करिब रु.४००००० खर्च भएको देखिन्छ र चालक हेल्परको पारिश्रमिकमा रु.५०५०५० गरी कुल रु.३०३०४०० खर्च भएको देखिन्छ । उक्त व्यकुलोडर भाडामा दिएको भए पालिकाले प्रतिघण्टा रु.२२०० का दरले रु ५५८६४६० रकम आम्दानी हुने देखिन्छ । तसर्थ पालिकालाई रु.२५५६०५० आम्दानी गुमेको देखिन्छ । पालिकाले आन्तरिक आम्दानी बढाउनका लागि व्याकुलोडर भाडामा दिने तर्फ ध्यान दिनुपर्छ ।</td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>मुल्य अभिवृद्धि कर वढी भुक्तानी
सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत भएको कार्यमा मुल्य अभिवृद्ध कर भुक्तानी दिदा उपभोक्ताले मुल्य अभिवृद्धि कर लाग्ने सामाग्री खरिद गर्दा तिरेको मुल्य अभिवृद्धि कर मात्र भुक्तानी दिनु पर्दछ।निम्नानुसारको योजनामा निम्न सामाग्री खरिदमा उपभोक्ताले खरिदमा तिरेको मुल्य अभिवृद्धि कर भन्दा वढी मुल्य अभिवृद्धि कर तिरेको देखिएकोले वढी भुक्तानी भएको मुल्य अभिवृद्धि कर अशूल गर्नुपर्ने रु
<table>
<tr><td>गो भा न र मिति</td><td>योजनाको नाम</td><td>सामाग्री</td><td>विलमा तिरेको मु अ कर</td><td>भुक्तानी भएको मुल्य अभिवृद्धि कर</td><td>वढी भुक्तानी</td></tr>
<tr><td>२९१।०७८।३।७</td><td>पर्यटन तथा जनजाती संग्राहलय निर्माण उ.स</td><td>ईटा खरिद</td><td>२०८३०</td><td>५४३८७</td><td>३३५५७</td></tr>
<tr><td></td><td>भिमसेन क्याम्पस निर्माण उ.स</td><td>ईटा</td><td>२०९३०</td><td>४७६८६</td><td>२६७५६</td></tr>
<tr><td>४१२२०७८।३।२५</td><td>बौद्ध विहार भवन निर्माण उ.स</td><td>सिमेन्ट</td><td>२७५८६</td><td>३९३५३</td><td>११७६७</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>७२०८०</td></tr>
</table></td><td>७२,०८०</td></tr>
<tr><td>६४</td><td></td><td></td><td>कार्यालयको काम उपभोक्ता समितिवाट गराएको</td><td>६,८००,०००</td></tr>
</table>

			सार्वजनिक खरिद ऐन,२०६४ को दफा ४४ मा मितव्ययीता ,गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियजनाको मुख्य उधेश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ ।साथै सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ ।पालिकाले यो वर्ष देहायका वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति मार्फत गराई रु. ६८०००००।०० खर्च लेखेको छ । उपभोक्ता समितिले गर्ने कार्य लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्यरुपमा कार्यालयले नै गर्नुपर्ने कार्य उपभोक्ता सिमिति मार्फत गरेको पाईयो । नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुनेगरी कार्य गराएको नियम सम्मत नदेखिएको रु . गो.भा.न र मिति | योजनाका नाम | खर्च रकम ४६३।२०७८।३।३० | वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति वडा नम्वर ६ | २३००००० ४०४।०७८।३।२४ | वडा कार्यालय भवन तथा सभहल निर्माण उपभोक्त समिति | ३०००००० २१५।०७७।१२।२७ | वडा कार्यालय व्यवस्थापन तथf तारवार निर्माण उ.स वडा नम्वर ७ | ५००००० १५४।०७७।११।२५ | ४ नम्वर वडा कार्यालय भवन निर्माण उ.स | १०००००० जम्मा | | ६८०००००		
६५			**हेभि इक्युपमेन्टको प्रयोग** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :		

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
५०।०७७।९।१९	द्धारा हुँदै नेवारे धम्जा सडक निर्माण निर्माण उ.स	सडक निर्माण	६०००००	एक्जाभेटर	४६१७७४
३४।०७८।८।२९	विपत व्यवस्थापन सडक मर्मत उ.स	सडक मर्मत	३०००००	एक्जाभेटर	३०००००
३२५।०७८।३। २५	आल डाँडा पानी फिजारे वौर सडक निर्माण उ स	सडक स्तोरोन्नति	६९४०१२	एक्जाभेटर	१८६९९९
४४९।०७८।३। २५	काभ्रे देखि धिमिछापा पाला मोटर वाटो नि.उ स	सडक निर्माण तथा स्तरोन्नति	१५००००००	एक्जाभेटर	१६९५००

नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

६६ **टुल्स एण्ड प्लान्टमा वढी भुक्तानी** ३३२,९९९

नेपाल सरकार भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय सडक विभागवाट वि सा२०७३ मा जारी भएको नमर्स अनुसार दक्ष तथा अदक्ष कामदारले गर्ने निर्माण कार्यको हकमा दर विष्लेषण गर्दा टुल्स एण्ड प्लान्टको दरमा कायममा सोमा प्रयोग हुने ज्यामीको रकमको ३ प्रतिशतले हुने रकम टुल्स एण्ड प्लान्टको दरमा कायम गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले उपभोक्ता समितिवाट हुने निर्माण कार्यको दर विष्लेषणमा कामदारको ज्यालाको मात्र नभई निर्माण सामाग्रीको मुल्यको समेत ३ प्रतिशत रकम समावेस गरी दर विष्लेषण गरेको पाईयो । यसरी स्वीकृत नम्स भन्दा वढी दर राखी भुक्तानी भएको रकम सम्वन्धीत उपभोक्ता समितिवाट असूल गर्नुपर्ने रु

गो भा न। मिति	योजनाको नाम	कामको विवरण	घ.मी	भुक्तानी हुनु पर्ने दर	भुक्तानी भएको दर	फरक दर	वढी भुक्तानी
५।०७७।६।२५	गलकोट घुम्टेको लेक सम्म पर्यटकिय पदमार्ग निर्माण	pcc 1:२:4	३४	९६	५४७	४५१	१५३३४
		Stone masonary	४५	४८	१४६	९८	४४१०
		Forma work	५४ व.मी	१३५	२७०	१३५	७२९०
१३।०७७।७।२३	कुनाघर सम्म पदमार्ग निर्माण	सोलिङ गर्ने कार्य	२७	३६	१०३	६७	१८०९
		Stone masonary work	३१	४८	१४७	९९	३०६९
३०९।०७८।३। १३	भिमसेन क्याम्पस भवन निर्माण	Pcc 1:1.5:3	१०	१९३	५९८	४०५	४०५०
		Brick masonary 1:6	३७	१००	४८२	३८२	१४१३४
३४४।०७८।३। १८	अमर मा वि पर्खाल निर्माण	Stone masonary in dry wall	२२	१२०	३५०	२३०	५०६०
		stone masonary 1:6	२२	१६८	३२८	१६०	३५२०
३५५।०७८।३। २०	त्रिपुरेश्वर महादेव मन्दिर व्यवस्थापन	stone masonary 1:6	१७	१६७	३४८	१८१	३०७७
		pcc 1:२:4	३९	१२८	४९७	३६९	१४३९१
		डण्डीको कार्य	५१३१ के जि	०.६६	३.८३	३.१७	१६२६५
४४९।०७८।३। २८	काभ्रेधिनी पाला	stone masonary 1:४	२२	१६८	३७३	२०५	४५१०
		pcc 1:२:4	३२	१२८	४९७	३६९	११६०८
		Soling work	६१	२६	९०	६४	३९०४
४६३।०७८।३।	वडा कार्यालय भवन निर्माण तथा तारवार	Rcc 1:2:4	२८	१६८	५८४	४१६	११६४८

३०		Brick Work 1:4	7	५३	५१५	४६२	३२६४
		Stone Masonary	३२	१२०	३५०	२३०	७३६०
१५४।०७७।११।२५	४ नम्वर वडा कार्यालय भवन	Pcc 1:1.5 : 3	20	१०३	६००	४९७	९९४०
		Brick Work	८	१००	५३५	४३५	३४८०
		छडको कार्य	२८९६	०.६६	३.८५	३.१९	९२३८
४६५।०७८।३।३०	साङखोला सिंचाइ योजना उपभोक्ता समिति		१४७	१९३	५६१	३६८	५३४५८
		Stone solling	५८	३६	९३	५७	२९७५
		Form Work	१०२२ sq.m	११.६	२१.७	१०.१	९२९०
		छडको कार्य	५८३५ के जी	०.६६	३.८०	३.१४	१६४९०
३।०७८।३।२३	भिमा दरवार तथा कोट मन्दिर निर्माण	PCC 1:1.5:3	२७	१९३	५७५	३८२	९२८३
		छडको कार्य	३२६७ के.जी	०.६६	३.८१	३.१५	९२६२
४१२।०७८।३।२५	बौद्ध विहार भवन निर्माण योजान उ.स	PCC 1:1.5:3	४३	१९३	६११	४१८	१२०४२
		फर्माको कार्य	३५१ वर्ग मि।	११.६	२१.७	१०.१	२३७५
		छडको कार्य	३५२३ के जी	०.६६	३.८०	३.१४	७४११
३।२०७८।२।३०	धारा मा.वि खेलकुद मैदान निर्माण	१:६ को मेशिनरी वाल	५३	१६८	३३९	१७१	९०८६
५।२०७८।३।४	भिम पोखरा मोटर वाटो स्तरोन्नति	ढुङगाको गारो लाउनेक काम	४०	१६८	३२६	१५८	६३२०

		१:६					
८।२०७८।३।१५	भिमसेन क्याम्पस भवन निर्माण	PCC 1: 2 : 4	३३	१२७	४७२	३४५	११३८५
		छडको कार्य	२६१३ के जी	०.६६	३.८१	३.१५	८२३०
१६।२०७८।३।२४	थानडाँडा भ्यु टावर निर्माण	Pcc 1: 1.5 : 3	२३	१९३	५७५	३८२	८७८६
		छडको कार्य	२९३५ के जी	०.६६	३.८१	३.१५	९२४५
जम्मा							३३२९९९

६७

पँजिगत शिर्षकवाट चालु प्रकृतीको खर्च

पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई पूँजीगत शीर्षकबाट खर्च लेखेको पाईयो ।यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ ।

गो भा न र मिति	भुक्तानी पाउनेको नाम	प्रयोजन	रकम
२७३।०७८।२।२७	पुष्पाञ्जली ग्रामिण विकास केन्द्र	खेलकुद तथा कला साँस्कृतिक कार्यक्रम	३४४४०
२७८।२०७८।२।२८	ओसन युवा क्लव	विविध खेलकुद तथा साँस्कृतिक कार्यक्रम वापतको रकम भुक्तानी	७००००
३४६।२०७८।३।१८	कला संस्कृति तथा खेलकुद विकास समिति	राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता	१२५९६०
३६६।०७८।३।२१	जनप्रिय महिला समुह	भाँडा खरिद	१०००००
३९४।०७८।३।२४	नेपाल मगर संघ	मगर सचेतना कार्यक्रम	१५००००
४२३।०७८।३।२७	वश्वकर्मा भाई समाज	पुजाको थान निर्माण	१०००००

६८

५० प्रतिशत ढुङ्गाको प्रयोग भएको नदेखिएको ७५,१७५

सडक संरचना निर्माणका लागि नेपाल सरकार मन्त्रीपरिषदबाट २०७५।०४।२५ मा स्वीकृत नर्म्स २०७५ अनुसार सडक निर्माण गर्ने क्रममा एक्साभेटरको प्रयोग गरी हार्ड रक खन्ने कार्य भएको अवस्थामा निस्कने ढुंगाहरुमध्ये कम्तीमा ५० प्रतिशत ढुंगा प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था गरेको छ । तर उपभोक्ता समितिले संरचना निर्माणका लागि आवश्यक पर्ने ढुंगा खरिद गरेको देखिने प्रमाण संलग्न नरहेकोले सोही स्थानमा खन्ने कार्य गर्दा प्राप्त ढुंगाहरु प्रयोग भएको छैन्न भनी भन्न सकिने अवस्था रहेन । जसबाट ग्याविन वर्कको लागि आवश्यक पर्ने ढुंगामा प्रति घ.मि. रु.१५५०।०० का दरले भुक्तानी भएकोले पालिकालाई देहायका योजनामा निम्नानुसारको रकम थप व्ययभार परेको देखिन्छ । तसर्थ सडकको स्वीकृत नर्म्स २०७५ अनुसार ५० प्रतिशत ढुंगाको पुनः प्रयोग नगरी बढी व्ययभार परेको रकम असुल हुनुपर्ने देखिएको रु.

गो.भा. न र मिति	योजनाको नाम	ग्याविनको कार्य घ.मी	कडा चट्टान काट्ने कार्य घ.मी	५० प्रतिशतले प्रयोग गर्नु पर्नेमा नगरेको परिमाण घ. मि	दर विष्लेषणमा राखिएको दर	वढी व्यभार
१२।०७८।३।२३	रेश मोटर वाटो निर्माण सुधार	५२	५८	२६	१५५०	४०३००
५०।०७७।९।१९	द्धारा हुँदै नेवारे धम्जा सडक	४५	१६७	२२.५	१५५०	३४८७५
जम्मा						७५१७५

६९ **आन्तरिक लेखापरीक्षण**

६९.१ आन्तरिक लेखपरीक्षण प्रतिवेदनमा औंल्याइएको वेरुजु लेखापरीक्षण अवधी सम्म फस्र्यौट नभइ वाँकी देखिएको व्यहोरा निम्नानुसार रहेको छ ।
आयकर ऐन,२०५८ को दफा ८८ मा ढुवानी कर कट्टी गर्नुपर्ने व्यवस्था छ ।कार्यालयवाट विभिन्न योजना तथा कार्यक्रम संचालन वापत कट्टा गर्नुपर्ने कर रकम कट्टी गर्न छुट भएकोले असूल गरि सम्वन्धित राजस्व खातमा दाखिला गर्नुपर्ने रु

४१,८००

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गो.भा.न</th><th>विवरण</th><th>कर रकम</th></tr>
<tr><td>२९१।२०७८।३।७</td><td>वहाल कर</td><td>५०००</td></tr>
<tr><td>३०४।०७८।३।११</td><td>वहाल कर</td><td>३०००</td></tr>
<tr><td>३५४।०७८।३।२८</td><td>वहाल कर</td><td>१४००</td></tr>
<tr><td>४६३।०७८।३।३०</td><td>वहाल कर</td><td>७२००</td></tr>
<tr><td>६२।०७७।९।२३</td><td>वहाल कर</td><td>३३००</td></tr>
<tr><td>४४८।०७८।३।२८</td><td>वहाल कर</td><td>१०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२०९००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६९.२</td><td></td><td></td><td>वढी रकम भुक्तानी: सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को दफा १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । र सोही नियमावलीको उपनियम ११ मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीवाट त्यस कामको जाँचपास गराएर सोहीवमोजिम भुक्तानी दिनुपर्ने व्यवस्था गरेकोले कार्यालयवाट देहाय वमोजिमका योजनामा भुक्तानी गर्दा प्राविधिक मुल्याङकन भन्दा वढी भुक्तानी गरेकोले असूल गर्नुपर्ने रु
<table>
<tr><th>गो भा न र मिति</th><th>योजनाको नाम</th><th>विनियोजित वजेट</th><th>प्राविधिक मुल्याङकन</th><th>भुक्तानी रकम</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>३६१।०७८।३।२०</td><td>शान्तिचोक शिवालय पदमार्ग निर्माण</td><td>२५१६६९</td><td>२१४२०४</td><td>२५१६६९</td><td>३७४६५</td></tr>
<tr><td>४४२।०७८।३।१८</td><td>मनाङ वाल विकास केन्द्र पाला १</td><td>५०००००</td><td>४८६९४५</td><td>५०००००</td><td>१३०५५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>५०५२०</td></tr>
</table>
</td><td>५०,५२०</td></tr>
<tr><td>७०</td><td></td><td></td><td>सामाजिक सुरक्षातर्फः</td><td></td></tr>
</table>

https://nams.oag.gov.np

			सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै गर्नुपर्ने परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ।	
७१			**निष्क्रिय खाताको विवरणः** सामाजिक सुरक्षा भत्ता रकमको ३ किस्ता मध्ये एक किस्तापनि भत्ता नबुझेका, विभिन्न कारणले बढी निकासा भएको एवं भत्ता प्राप्त गर्न अयोग्य भई आर्थिक वर्षको अन्त्य सम्ममा लाभग्राहीको नाममा बैंक खातामा बाँकी रहेका सामाजिक सुरक्षा रकम सम्बन्धित बैंकहरुबाट कार्यालयले सबै वडाहरुको विवरण माग गरी बैंक खातामा रहेको मौज्दात रकम एकिन गरी अभिलम्ब संघीय संचितकोषमा दाखिला गर्नु आवश्यक देखिन्छ	
७२			**लगत कट्टा पश्चात भत्ता वितरणः** सामाजिक सुरक्षा भत्ता नियमावली,२०७६ को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाईरहेको व्यक्तिको मृत्य भएमा वा त्यस्तो व्यक्ती सामाजिक सुरक्षा भत्ता पाउन योग्य नरहेमा निजको नाम सामाजिक सुरक्षा भत्ता पाउने अभिलेखवाट हटाउनुपर्ने व्यवस्था छ।नमुना छनोट गरी श्रेस्ता परीक्षण गर्दा देहाय वमोजिमका वडाबाट लाभग्राहीको लगत कट्टा पश्चात पनि भत्ता रकम निकासा भएको देखियो ।उक्त लगत कट्टा पश्चात भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.	१४८,१२०

वडा नं	क्र।सं।	लाभग्राहीको नाम	लगतकट्टा।मृत्यु भएको मिति	निकासा हुनुपर्ने रकम	निकासा भएको रकम	बढी रकम
४	१	नन्दलाल थापा	२०७७।६।५	९०००	३६०००	२७०००
	२	टिकाराम विश्वकर्मा	२०७७।३।१९	००	१३४००	१३४००
	३	खगी आले	२०७७।६।१९	६०००	१३४६७	७४६७
	४	हिरा बादमाई	२०७६।२।२५	००	१४४१४	१४४१४
	५	गंगा बहादुर पुन	२०७७।५।१४	६०००	२५८३९	१९८३९
	६	धन बहादुर थापा	२०७७।१२।२१	३०००	१२०००	९०००
	७	तुलसी थापा	२०७८।२।२०	९०००	१२०००	३०००
	८	धन प्रसाद पुन	२०७८।२।१०	९०००	१२०००	३०००
७	९	लाल बहादुर थापा	२०७७।६।२७	९०००	१२०००	३०००
	१०	हरि कला कार्की	२०७७।६।७	९०००	१२०००	३०००
	११	राजवीर जोगी	२०७७।१०।५	६०००	२४०००	१८०००
	१२	नैनकली कार्की	२०७८।२।१०	६०००	१२०००	६०००
	१३	सर्वजित पाण्डे	२०७७।१२।०९	००	१२०००	१२०००
	१४	टहल सिं सार्की	२०७७।१२।२७	३०००	१२०००	९०००
		जम्मा				१४८१२०

७३

नदीजन्य पदार्थ तथा प्राकृतिक स्रोतः

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ ।

			गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको खोला, खोल्सी तथा जमिनबाट सँकलन गर्न सकिने स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षण गराएको देखिएन। पालिका क्षेत्रभित्र रहेको विभिन्न परियोजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा पालिका क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको निशुल्क प्रयोग भई रहेको छ तापनि पालिकाले ती सामग्रीको जिल्ला दरको आधारमा भुक्तानी दिएको छ। निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पालिकाको स्रोत निशुल्क प्रयोग गरी पालिका तथा अन्य योजना व्यवस्थापनबाट रकम भुक्तानी लिने गरे तापनि पालिकालाई सामग्रीको रोयल्टी तथा शुल्क बुझाएको देखिदैन । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी वढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन, सँकलन तथा उपयोग स्थितिलाई व्यवस्थित वनाउने तर्फ ध्यान दिनु पर्ने देखियो ।	
७४			**रकम समयमा दाखिला नभएकोः** प्रदेश नं. ४ को प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २३ मा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजश्व रकम कार्यालयमा प्राप्त भएपछि सरकारी कारोवार गर्ने बैंकमा सोही दिन वा कावु बाहिरको परिस्थिति परी सोही दिन दखिला हुन नसकेमा सोको भोलीपल्ट संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाका ८ वडाबाट प्राप्त हुने भूमिकर, नक्सापास दस्तुर, सिफारिस दस्तुर, नाता प्रमाणित दस्तुर लगाएतका शिर्षकबाट संकलित रु २६ लाख ७३ समयमा दाखिला नगरी संकलन भएको लामो सयम पछिमात्रै दाखिला भएको पाइयो।संकलित रकम समयमा दाखिला नहुँदा आम्दानीको समयमा प्रतिवेदन दिने तथा दुरुपयोग समेत हुन सक्ने भएकोले पालिकाले संकलित रकमलाई सयममै दाखिला गर्ने तर्फ ध्यान दिनु पर्दछ।	
७५			**राजस्व अनुमान तथा असुलीः** पालिकाले यो वर्ष आन्तरिक श्रोतबाटरू.३१लाख राजस्व संकलन हुने अनुमान गरेकोमा पालिकाबाट प्राप्त अभिलेख अनुसार यस वर्ष रू. ३०५११४६ संकलन भएकोदेखिन्छ । पालिकाले आयको शिर्षकगत अभिलेख थप व्यवस्थित राख्ने तथा असुली प्रकृया प्रभावकारी वनाई राजस्व संकलन वढाउनुपर्दछ।	
७६			सम्परीक्षण **अनुगमन तथा सम्परीक्षण** – यस वर्ष सम्परीक्षणको लागि रु २९९३३३२४।०० पेश भएकोमा रु २९९३३३२४।०० सम्परीक्षण गरिएको छ ।	

आ .व.	वेरुजु दफा	वेरुजुको संक्षिप्त व्यहोरा	संपरीक्षण	
			संपरीक्षणका प्रमाण तथा आधार	
२०७४।०७५	२	वजेट पेश गर्ने तथा पारित गर्ने	कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको।	४६६००००
२०७४।०७५	३	सम्झौता भन्दा वढि भुक्तानी अनियमित देखिएको	कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको।	९०००००
२०७४।०७५	१६	वजेटको सिमा	कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको।	१५७४८५
२०७४।०७५	२९	वितरणमुखि खर्च	कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको।	१७६८०२२
२०७४।०७५	३१	संघ संस्थालाई अनुदान	कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको।	१२०००००
२०७४।०७५	३८	पुँजिगतवाट चालु प्रकृतिको खर्च	कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको।	८६८८३९
२०७४।०७५	३९	प्रतिस्पर्धा वेगर खरिद	कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको।	३८४३८८२
२०७४।०७५	४०	आर्थिक सहायता	कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको।	१८००००
२०७४।०७५	५१	सवारी साधन खरिद	कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको।	३८०२०००
२०७४।०७५	३४	विलभर्पाइ पेश नभएको	प्रमाण पेश भएको	२५००००
२०७४।०७५	४५	नर्म्स भन्दा वढी भुक्तानी	वेरुजु खातामा दाखिला भएको	१२८००
२०७४।०७५	४८	म्यानुअलको लागत अनुमान तयार गरी मेसिनवाट कार्य गराएको	वेरुजु खातामा दाखिला भएको	१६१६
२०७४।०७५	४९	ग्रेड रकम वढि भुक्तानी	बेरुजु खातामा दाखिला भइ भौचर पेश भएको	२९९३।६०
जम्मा		आ व ०७४।०७५ को जम्मा		१७६४४६४४
२०७५।०७६	११	पेश्की बाँकी	फर्स्यौट भएको प्रमाण पेश भएको	४५११२११
२०७५।०७६	१५.१	अमानतवाट कार्य गराएको	कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको।	१५००२३८
२०७५।०७६	२०	अनुगमन भत्ता अनियमित देखिएको	कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको।	२८७०००
२०७५।०७६	२३	पटक पटक सोझै खरिद	कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको।	८७१३६३
		आ व २०७५।०७६ को जम्मा		७१६९८१२
२०७६।०७७	२५	भ्रमाण खर्च वढी भुक्तानी	असूल	२४००
२०७६।०७७	२६	सरुवा खर्च वढी भुक्तानी	असूल	१०७००
२०७६।०७७	२७	अन्य सँस्थालाई भुक्तानी	कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको।	७०००००
२०७६।०७७	३२	कार्यक्रम फरक पारी खर्च लेखेको	कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट नियमित गरिएको निर्णय पेश भएको।	५०००००
२०७६।०७७	३३	भरपाई वेगर वैठक भत्ता भुक्तानी	असुल	६८००
२०७६।०७७	४३	योजना व्यवस्थापन खर्च भुक्तानी	असुल	२०००
२०७६।०७७	४४	शेयर खरिद	शेयर खरिदको प्रमाण पेश भएको	२००५००
२०७६।०७७	४६	पलाष्टिक टनेलको भर्पाइ नभएको	वुझेको प्रमाण पेश भएको	१२७४०००
२०७६।०७७	६०.४	रकम दाखिला नगरिएको	दाखिलाको प्रमाण पेश भएको	४६२५०
२०७६।०७७	६२	अध्यक्ष कप खेलकुद तथा सास्कृतिक कार्यक्रम	कार्यपालिकाबाट दफावर रुपमा छलफल गरी सभामा पेश भई सभाबाट	१९३९७४१

https://nams.oag.gov.np

			नियमित गरिएको निर्णय पेश भएको।	
२०७६।०७७	६४	पेश्की वाकी	फस्यौंटको प्रमाण पेश भएको	४३६४८६
		जम्मा		५११८८७८
कुल जम्मा				२९९३३३३४

७७

अध्यावधिक वेरुजु

यस पालिकाको २०७7।०७8 सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति निम्नानुसार रहेको छ । रु हजारमा

गत वर्षसम्मको वाँकी वेरुजु (A)	यो वर्ष सम्परीक्षण गरीएको बेरुजु (B)	यो वर्ष कायम बेरुजु (C)	सम्परीणवाट कायम बेरुजु (D)	अध्यावधिक बाँकी बेरुजु (E=A-B+C+D)
९३९९०	२९९३३	४१५५४	०	१०५६११